# कुपण्डोल गुसिंगालस्थित राजतीर्थको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर तहको आंशिक परिपूर्तिको लागि प्रस्तुत

**शोधपत्र**


नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ, नेपाल


२०७१


प्रस्तुतकर्ता

सीर्जना बराल

त्रि.वि. रजिष्ट्रेसन नं. ६१९९९१४३४२००३

भर्ना वर्ष: ०६५/६६

रोल नं. २८००७५

## सिफारिश पत्र

यो शोधपत्र "कुपण्डोल गुसिंगालस्थित राजतीर्थको सांस्कृतिक अध्ययन" श्री सीर्जना बरालले मेरो सुपरिवेक्षणमा तयार गर्नुभएको हो । निजको कार्यबाट म सन्तुष्ट छु । अतः प्रस्तुत शोधपत्र मूल्यांकनको लागि सिफारिश गर्दछु ।

........................

प्रा.डा. वीणा पौड्याल

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व

केन्द्रीय विभाग

त्रि.वि.वि., कीर्तिपुर

मितिः २०७१/३/२९

# शोधप्रबन्धको स्वीकृति पत्र

श्री सीर्जना बरालले नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको एम.ए. उपाधिको आंशिक आवश्यकता पूरा गर्नको लागि पेश गर्नु भएको “कुपण्डोल गुसिंगालस्थित राजतीर्थको सांस्कृतिक अध्ययन” नामक यो शोधपत्र मूल्यांकन समितिबाट स्वीकृत गरियो ।

**मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| विभागीय प्रमुख | बाह्य परीक्षक | आन्तरिक सुपरीवेक्षक |

मितिः २०७१/२/

# कृतज्ञता ज्ञापन

मेरो आफ्नो अध्ययनको विषय छनौट गर्नुपूर्व मैले डा. साफल्य अमात्यद्वारा लिखित “पानी र संस्कृति” भन्ने पुस्तकको अध्ययनबाट प्रेरित भई यस राजतीर्थलाई छनौट गरेकी हुँ । त्यस पुस्तकमा काठमाडौँका प्रमुख १२ वटा तीर्थ मध्ये एउटा राजतीर्थ उल्लेख छ । त्यती महत्व बोकेको राजतीर्थको हालसम्म अध्ययन अनुसन्धानमा कसैको ध्यान नपुगेको महशुस गरी आफैले अध्ययन अनुसन्धान गरे । मैले गरेको अध्ययन अनुसन्धानले त्यस क्षेत्रमा धार्मिक, सांस्कृतिक र पर्यटकीय टेवा पुग्ने र संरक्षणमा पनि सम्बन्धित क्षेत्रमा केही घचघच्याउने छ भन्ने अपेक्षा गरेकी छु ।

यस शोधपत्र तयारीको क्रममा नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, प्राध्यापक आदरणीय गुरुआमा प्रा.डा. वीणा पौड्यालले आफ्नो अमूल्य समय दिई मलाई निरन्तर मार्गनिर्देश र प्रोत्साहन दिनु भएको छ, साथै विभिन्न पुस्तक तथा अन्य अध्ययन सामग्री उपलब्ध गराउनु भएको छ । यसका लागि म उहाँप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै इतिहासि, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख आदरणीय गुरुवर प्रा.डा. धन बहादुर कुँवर प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रत्यक्ष, अप्रत्यक्ष शोध अनुसन्धानका क्रममा मलाई विभिन्न माध्यमबाट सहयोग गर्नुहुने सम्पूर्ण गुरुवर र गुरुआमाहरुमा कृतज्ञता ज्ञापन गर्न चाहन्छु । सह प्रा.डा.डिल्ली ओलीको सहयोग प्रति म आभारी छु ।

यस शोधपत्रको तयारीको क्रममा स्थलगत अध्ययन सामग्री संकलनमा अमूल्य सहयोग गर्नुहुने यस क्षेत्रका विख्यात वुद्धिजिवी श्री मधुसुधन सुवेदी, स्व. हुतराम वैद्य, प्रा.डा. केदार भक्त माथेमा र डा. पुष्पराम भक्त माथेमाप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

मलाई शोधकार्यको तयारी गर्दा स्थलगत अध्ययनको क्रममा विभिन्न जानकारी उपलब्ध गराउने स्थानीय व्यक्तिहरु, राजतीर्थ क्षेत्रका राम मन्दीरका पुजारी लगायत स्थलगत अनुसन्धान गर्दा साथ दिने मेरा साथी गोविन्द न्यौपाने र यस अनुसन्धानलाई टाइप गर्न मद्दत पुऱ्याउने भाई गोकर्णप्रसाद अर्यालप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सम्पूर्ण अनुसन्धान अवधिभर मलाई अध्ययन र लेखनमा सहयोग गर्ने मेरा श्रीमान लक्ष्मी प्रसाद सुवेदी, आमा विष्णुमाया सुवेदी, छोराछोरी अभिजित सुवेदी, अभिलाषा सुवेदीप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सीर्जना बराल
२०७१ वैशाख

# विषयसूची


पृ. संख्या

सिफारिश पत्र क

स्वीकृति पत्र ख

कृतज्ञताज्ञापन ग

## पहिलो अध्याय
## परिचय

१.१ अध्ययन क्षेत्रको परिचय १

१.२ समस्या कथन ३

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययको महत्व/औचित्य ४

१.५ पूर्वसाहित्य समीक्षा ४

१.६ अध्ययनको सीमा ६

१.७ शोधविधि ७

१.१ परिचय ७

१.२ तथ्यांक संकलन विधि ७

१.२.१ प्राथमिक स्रोतहरु ७

१.२.१.१ अन्तर्वार्ता ७

१.२.१.२ अवलोकन ७

१.२.२ द्वितीयक स्रोत ७

१.८ अध्ययनको औचित्य ८

१.९ शोधको रूपरेखा ८

## दोस्रो अध्याय

## तीर्थको परिचय र महत्व

२.१ तीर्थ परिचय ९

२.२ तीर्थको महत्व १०

२.३ प्रमुख तीर्थस्थलहरू १३

२.३.३ पशुपतिनाथ १३

२.३.७ देवघाट १४

२.३.३ शंखमूलघाट १५

२.४ तीर्थको उद्देश्य १६

२.५ तीर्थस्थलहरूको अवस्था र सुधारको आवश्यकता १७

## तेस्रो अध्याय

## हिन्दु धर्म र संस्कृतिमा जलको महत्व

३.१ जलको संक्षिप्त परिचय र यसका स्रोतहरू १८

३.२ जल संस्कृति १९

३.३ हिन्दु धर्म र संस्कृतिमा जलको महत्व २०

३.४ विभिन्न संस्कारमा जलको महत्व २२

३.५ लोक संस्कृति र पानी २३

## चौथो अध्याय

## राजतीर्थको परिचय र महत्व

४.१ राजतीर्थ क्षेत्रको सामान्य परिचय २६

४.२ राजतीर्थको महत्व २७

४.३ राजतीर्थ क्षेत्रका मन्दिर तथा गुठी २९

४.३.१ राममन्दिर २९

४.३.२ गुठी २९

४.३.३ राममन्दिरको गुठी व्यवस्थापन ३०

४.४ राजतीर्थ क्षेत्रका प्रस्तर मूर्तिहरू ३१

४.५ राजतीर्थ क्षेत्रका विभिन्न सांस्कृतिक सम्पदाहरु ३८

४.६ राजतीर्थको ढुङ्गेधारा ४१

४.६.१ राजतीर्थ क्षेत्रमा रहेका धारा ४१

४.७ राजतीर्थको अवस्था र सुधारको आवश्यकता ४४

## पाँचौ अध्याय

## राजतीर्थमा गरिने संस्कारहरू

५.१ राजतीर्थमा हुने क्रियाकलापहरू ४६

५.२ राजतीर्थमा हुने प्रमुख संस्कारहरू ५१

## छैठौं अध्याय

## सारांश तथा निष्कर्ष

६.१ सारांश ५५

६.२ निष्कर्ष ५७

**परिशिष्ठ**

**चित्रहरु**

**सन्दर्भग्रन्थसूची**

# पहिलो अध्याय

# परिचय

## १.१ प्रस्तावना

नेपाल कला र सांस्कृतिक सम्पदाको धनी देशको रूपमा चिनिन्छ । यहाँ मानव सभ्यता, संस्कृति सम्बन्धी विविध इतिहास, मान्यता र परम्पराहरू रहेका छन् । मानिस सामाजिक प्राणी हो र परम्परागत रूपमा समूहमा जीवनयापन गर्न सजिलो होस् भनी मानिसहरू समूहमा बसोबास गर्न थाले । यस्तै क्रममा संस्कृतिको जन्म भयो । मानिसहरूले बिहान उठेदेखि बेलुका रात्रीसम्म जे जस्ता क्रियाकलापहरू गर्दछन् ती सबै संस्कृति अन्तर्गत पर्दछन् । धर्म र धार्मिक क्षेत्र पनि संस्कृतिकै क्षेत्रमा पर्दछ ।

प्रस्तुत शोध समसामयिक परम्परामा तिर्थस्थल परिसरको अध्ययनमा केन्द्रित छ । सामाजिक क्रियाकलाप र धार्मिक अनुष्ठान यस राजतीर्थ तिर्थस्थलमा सम्पन्न भइरहन्छन् । मानिस संवेदनशील प्राणी भएकाले उसले यस्ता स्थलबाट विविध प्रेरणा प्राप्त गर्छ र जीवन सफल बनाउने प्रयास गर्दछ ।

नेपालमा रहेका महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक महत्व बोकेका स्थलहरूमध्येको राजतीर्थ पनि एक हो । ललितपुर उपमहानगरपालिका वडा नं. २ बाग्मती नदीको किनारमा अवस्थित राजतीर्थलाई राजघाट नामबाट पनि चिन्ने गरिन्छ । राजतीर्थ एक तीर्थस्थल र सांस्कृतिक महत्वको क्षेत्र भएको हुनाले यहाँ विभिन्न देवदेवताहरूका प्रतिमा र घाटका भकारीहरू रहेका छन् । यहाँ एक कुण्ड पनि रहेको छ, जसको विशेष धार्मिक महत्व रहेको छ । यस कुण्डको पानी पवित्र मानिनुको साथै आयुर्वेदिय गुण भएको मानिन्छ । यहाँको पानीले स्नान गर्नाले विभिन्न किसिमका रोगहरू निको हुने विश्वास गरिन्छ । यहाँको पानीले चर्मरोग, ग्याष्टीक र अम्लपित्त जस्ता रोगहरू निवारण हुने विश्वास रहेको छ । यहाँ ठूला-

साना विभिन्न मन्दिरहरु छन् । बाग्मतीको पचली घाटको पारीपट्टी कालो पुल पाटी राजघाटमा राजतीर्थ कुण्ड छ । राजतीर्थ कुण्डको पानीमा विरे नुनको गन्ध र स्वाद आउँछ । यस कुण्डमा स्नान गर्नाले शरीरका रोग निको हुने र शरीर सधै तन्दुरुस्त भइरहने विश्वास गरिन्छ । यहाँको महिमाले गर्दा काठमाडौँ उपत्यका र बाहिरका मानिसहरु यहाँ स्नान गर्न आउँछन् ।[१]

यस्ता स्थलहरूको दर्शनले मृत्युपश्चात् स्वर्ग प्रवेश गरिन्छ भन्ने धारणा रहेको छ । “नेपालमण्डल अर्थात काठमाडौँ उपत्यकाभित्र रहेका विविध तीर्थस्थलहरूमध्ये राजतीर्थ पनि एक महत्वपूर्ण तीर्थस्थलको रूपमा परिचित छ । यस्ता महत्वपूर्ण तीर्थस्थलहरू काठमाडौँ उपत्यका भित्र करिव बाह्रवटा रहेका छन । यस्ता पवित्र स्थलहरू कुनै न कुनै पवित्र नदिका संगम स्थलहरू पनि हुन् । जस्तै गोकर्णलाई चन्द्रभागा नदी (?) बाग्मतीको संगम स्थल ब्रम्ह तीर्थ (उत्तर गया) भनी मान्दछन् । गृहेश्वरीलाई मारदायिणी र वाग्मती नदीको संगम स्थल शान्त तीर्थ भनी मान्दछन् । शंखमूललाई मणिमती र बाग्मतीको संगम स्थल श्रकरतीर्थ भनी मान्दछन् । धंतलीलाई राज मञ्चरी र बाग्मतीको संगम स्थल राजतीर्थ भनी मानिन्छ । खुशिंख्यलाई विमलावती र केशावती नदीको संगम स्थल मनोरथ तीर्थ भनी मान्दछन् । विलासलाई कुसुमावती र केशावतीको ंगमस्थल निर्मल तीर्थ भनी मान्दछन् । कन्हखुशीलाई पापनाशिनी केशावतीको संगमस्थल ज्ञान तीर्थ भनी मान्दछन् । पचली (टेकु) लई बाग्मती र केशावती नदीको संगम स्थल चिन्तामणी तीर्थको रूपमा मान्दछन् । दानिगा (दांगाखुशी) लाई बाग्मती र रत्नावतीो संगम स्थल, प्रमोद तीर्थको रूपमा मान्दछन् । भाजंगललाई बाग्मती र प्रभावतीको स्रंगम स्थल सुलक्षण तीर्थको रूपमा मान्दछन् । त्यस लेखु (हाल नख्खु) लाई प्रभावती र बाग्मतीको संगम स्थल जयतीर्थको रूपमा मान्दछन् ।”[२]

---

[१] साफल्य अमात्य. **पानी र संस्कृति.** (काठमाडौँ : जलस्रोत विकास संस्था, २०६३), पृ. २६ ।

[२] ऐजन, पृ. २६ ।

नेपालमा पनि सिद्ध पुरुषहरु जन्मन्छन । षडानन्द र सिद्ध रतननाथको यस्ता सिद्ध पुरुषहरु हुन । दाङको सिद्ध योगी रतननाथ आएर राजतीर्थमा बसेका थिए त्यसकारण राजतीर्थलाई भौम तीर्थ भनिन्छ । भौम तीर्थ अन्तर्गत पर्ने राजतीर्थको महिमा ओभ्रेलमा परेको छ । ललितपुर, बाग्मतीको किनारमा अवस्थित राजतीर्थ क्षेत्रको ऐतिहासिक प्राचिनता पहिल्याउने, भौतिक र अभौतिक संस्कृतिको विविध पक्ष, वर्तमान समयमा राजतीर्थको महत्व, आन्तरिक धार्मिक पर्यटककोप्रमुख गन्तव्य तीर्थस्थलको रूपमा प्रचार प्रसार गर्ने, घाट र तीर्थको महत्व उजागर गर्ने तथ संरक्षणको उपाय खोजी गर्ने उद्देश्यले यो अनुसन्धान गरिएको छ ।

## १.२ समस्या कथन

राजतीर्थ एक पुण्य तीर्थस्थलको रूपमा रहनुका साथै पुरातात्विक ऐतिहासिक दृष्टिले पनि निकै महत्वपूर्ण क्षेत्र हो । राजतीर्थमा रहेको ऐतिहासिक कुवा, राममन्दिर, यहाँका विभिन्न मूर्तिहरु तथा राजतीर्थ पार्कको यथास्थितिको अभिलेख राख्नुको साथै यसको परिचय र उचित संरक्षण र संवर्द्धनको खाँचो महशुस गर्दै यस क्षेत्रको भौगोलिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक पक्षमा केन्द्रित समस्याहरूलाई नै शोध समस्याको रूपमा ग्रहण गरी अध्ययन गरिएको छ । यहाँको समस्या निम्न बुँदामा केन्द्रीत छ ।

१) राजतीर्थको बारेमा ऐतिहासिक, धार्मिक महत्वको बारेमा अध्ययन नहुनु ।

२) राजतीर्थको पानी र घाटको महत्व वुझ्न नसक्नु ।

३) आन्तरिक पर्यटनको सम्भावना बढाउन सकिने भए पनि यसको महत्व प्रकाशमा नआउनु ।

## १.३ अध्ययनको उद्देश्य

धर्मको धरोहरका रूपमा रहेका देशमा विभिज्न भागमा छरिएर रहेका यस्ता तीर्थस्थलहरू अमूल्य सम्पदा हुन् । यस्ता स्थलहरूको सांस्कृतिक र पुरातात्विक दृष्टिकोणबाट व्यवस्थित एवं संगठित ढंगले अध्ययन हुन सकेको छैन । यसै

सन्दर्भमा यस शोधमा राजतीर्थ क्षेत्रको निम्न पक्षको अध्ययन गर्ने उद्देश्य राखिएको छः

क) राजतीर्थको ऐतिहासिक धार्मिक महत्वको बारेमा अध्ययन गर्नु ।

ख) पानी र घाटको बारो प्राचीन कालदेखिको महत्वलाई प्रकाशमा ल्याउन ।

ग) आन्तरिक पर्यटनको अभिवृद्धिका लागि गर्नुपर्ने महत्वपूर्ण कुराहरु उल्लेख गर्न ।

## १.४ अध्ययको महत्व/औचित्य

कुनै पनि धार्मिक क्षेत्रको विशेष महत्व हुन्छ । ललितपुर उपमहानगरपालिका वडा नं. २ बाग्मती नदीको बायाँ किनारामा अवस्थित राजतीर्थको पनि विशेष महत्व छ । यस शोधबाट यस क्षेत्रमा रहेको सांस्कृतिक सम्पदाहरूको संक्षिप्त जानकारी हुनुको साथै त्यहाँको मन्दिर, घाट, कुण्ड, पाटी, सतलहरूमा हुने गरेको धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरूको समेत जानकारी हुनेछ । यो शोधपत्र तयार भएपछि भविष्यमा यस क्षेत्रमा गरिने अध्ययन अनुसन्धानमा समेत थप सहयोग पुग्नेछ ।

## १.५ पूर्वसाहित्य समीक्षा

राजतीर्थको अध्ययन गर्ने सन्दर्भमा हालसम्म के कति विषयहरु प्रकाशमा आएका छन् र अध्ययनकर्ताले यसबारे के कस्ता धारणा बनाएका छन् भन्ने प्रश्नको उत्तर पाउनुका साथै त्यस्ता धारणाहरुको सत्यापन गर्न त्यस्ता साहित्यको समीक्षा गर्नु आवश्यक हुन जान्छ ।

*काणे, पाण्डुरङ्ग वामन,* **धर्मशास्त्रका इतिहास,** तृतीय भाग चतुर्थ संस्करण, लखनउ, सन् २००३, ।

यस पुस्तकमा तीर्थ प्रकरण अन्तर्गत तीर्थको परिचय तीर्थ यात्रा, प्राचीन पुस्तकहरूमा तीर्थको सन्दर्भमा व्याख्या गरिएको

छ । त्यस्तै मृत्यु संस्कारका क्रियाकलापहरू जस्तै अन्त्योष्टि, शुद्धि, श्राद्ध आदिका बारेमा पनि व्याख्या गरिएको छ । साथै घाटको अध्ययन गर्नमा पनि ठूलो मद्दत मिल्दछ । महत्वपूर्ण तीर्थ र त्यस स्थानमा गरिने संस्कारहरू त्यहाँ भएको घाटको भकारी भएकोले सम्पूर्ण अध्ययन गर्नमा यो पुस्तक निकै उपयोगी हुन्छ ।

*अमात्य,साफल्य* **पानी र संस्कृति,** नेपाल खानेपानी संस्थान, काठमाडौँ, वि.सं. २०६० ।

यस पुस्तकमा पनी मानव जीवनको अत्यावश्यक वस्तु हामी नेपालीहरू पानीलाई अमृत अर्थात जीवन जल भनेर उल्लेख गरिएको छ । विभिन्न पानीका श्रोतहरू खोला नाला, नदी, ताल, सिमसार क्षेत्र, कुण्ड, पोखरी तलाउ ढुङ्गेधारा आदि हुन् । धार्मिक तथा सांस्कृतिक कार्यमा पानीको ठूलो महत्व लोक संस्कृति र पानी चाडपर्व, जात्रा, मेला, रितीरिवाज र पानी नदी र नेपाली संस्कृति आदिका बारेमा साहृै नौला र खोजमूलक कुराहरू शोधखोज सहितको रचना भएकोले प्रस्तुत अध्ययनमा पनि ठूलो मद्दत गर्न सक्दछ ।

*पौडेल, वीणा,* **नेपाली मूर्तिकला र चित्रकला,** नेपाल इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुर, वि.सं. २०५७ ।

यस पुस्तकमा नेपालका विभिन्न समयका मूर्तीहरू र चित्रहरूको बारेमा व्याख्या गरिएको पाइन्छ । यस राजतीर्थ क्षेत्रको मूर्तिहरूका सांस्कृतिक अध्ययनका लागि यो पुस्तक ज्यादै उपयोगी छ । यस पुस्तकमा वर्णन गरिएका विभिन्न मूर्तीहरू र राजतीर्थको मूर्तिहरूको तुलनात्मक अध्ययन गर्न यस पुस्तकबाट सहयोग पुगेको छ । तर यस राजतीर्थ क्षेत्रका मूर्ति र मन्दिरका बारेमा भने कुनै उल्लेख छैन ।

*पौडेल, वीणा र विनोद घिमिरे,* **Hindu Death Rites**, बर्षा र विशाल घिमिरे, काठमाडौँ, सन् १९८९ ।

यस पुस्तकमा लेखकद्वयले मृत्यु पछि गरिने अन्तिम संस्कारको सम्बन्धमा शास्त्रको आधारमा व्याख्या गरेको पाइन्छ । यस पुस्तकमा हिन्दु संस्कार, स्वर्ग र नरक प्रतिको धारणाको बारेमा पनि राम्रो वर्णन गरिएको छ । अन्तिम संस्कारको बारेमा चर्चा गर्न यस पुस्तकबाट सहयोग भएको छ ।

*साफल्य अमात्य,* **The Bagmati Between Teku and Thapathali, A monument Guide,** काठमाडौँ, सन् १९९४ ।

यस पुस्तकमा राजतीर्थको अवस्थिति र यस तीर्थको कुण्डको बारेमा र पानीको महत्वको व्याख्या गरिएको छ । यस पुस्तकबाट बाग्मतीको किनारमा स्थित तीर्थहरुको साथै राजतीर्थको पनि वर्णन भएकोले यस अनुसन्धानमा विशेष सहयोग पुगेको छ ।

*हुत्तराम वैद्य,* **बाग्मती बाँचिरहोस्,** ललितपुर, २०६८ ।

यस पुस्तकमा बाग्मती नदीको महत्व र संरक्षणका विषयमा उल्लेख छ । राजतीर्थ र त्यसको वरीपरीको अतिक्रमण र प्रत्येक वर्ष बढ्दै गएको विनासबारे उल्लेख छ । त्यसैले यस अध्ययनमा यस पुस्तकले धेरै तथ्यहरु संकलनमा मद्दत गरेको छ ।

*मञ्जु गौतम* “शंखमूल घाटक्षेत्रको सांस्कृतिक अध्ययन”, नेपाली इतिहास संस्कृति तथा पुरातत्व विभाग, एम.ए. शोधपत्र ।

यो त्रि.वि. कीर्तिपुरमा पेश गरिएको शोधपत्र हो । शंखमूल घाट क्षेत्र र राजतीर्थ दुवै बाग्मतीको तीरमा पर्ने हुँदा राजतीर्थको सांस्कृतिक

अध्ययन भएकोले घाट, मन्दिर मूर्ति सम्पूर्ण अध्ययन गर्न यसले मद्धत पुऱ्याएको छ ।

*रमिला वैद्य (मुनकर्मी),* "त्रिपुरेश्वर बाग्मती नदिको किनारमा अवस्थित सांस्कृति सम्पदाहरुको संक्षिप्त अध्ययन", नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, एम.ए. शोधपत्र ।

यो शोधपत्र एम. ए. उपाधीको आंशिक आवश्यकता परिपूर्तिका लागि नेपाली, इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय शिक्षण विभाग, कीर्तिपुरमा पेश गरिएको शोधपत्रबाट पनि सहयोग पुगेको छ ।

## १.६ अध्ययनको सीमा

ललितपुरको कुपण्डोल गुसिंगाल स्थित बाग्मती तिरको बायाँपट्टी रहेको यस राजतीर्थ परिसरका सामाजिक, सांस्कृतिक तथा धार्मिक एवं सांस्कृतिक क्रियाकलापहरूको अध्ययन तथा अनुसन्धानमा केन्द्रित रहेको छ ।

१) वस्तुगत सीमा अन्तर्गत पूर्वमा शंखमूल र कुपण्डोल जोड्ने बाग्मती पुल, पश्चिममा टेकु र सानेपा जोड्ने कालोपुल, उत्तरमा बाग्मती नदी किनार र दक्षिणमा पञ्चकुमारी मन्दिर सम्मको क्षेत्रलाई सिमांकन गरिएको छ ।

२) विषयगत सीमा अन्तर्गत राजतीर्थको विस्तृत सांस्कृतिक अध्ययन तथा राजतीर्थको कला, कौशल, वास्तुकला, चाडपर्व, जात्राको पनि अध्ययन अनुसन्धानको दायराभित्र पर्ने हुनाले यिनीहरूलाई अध्ययन समावेश गरिएको छ ।

## १.७ शोधविधि

## १.१ परिचय

शोधविधि अन्तर्गत अध्ययनको सिलसिलामा प्रयोग गरिएका विधि, प्रविधि र प्रक्रियाको बारे विस्तृत वर्णन गरिएको छ । यसै क्रममा सर्वप्रथम अध्ययन क्षेत्रको

छनौटको औचित्यका बारेमा उल्लेख गर्नुका साथै अनुसन्धान ढाँचाको छनौट, अनुसन्धानमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत र स्वरुप बारेमा वर्णन गरिएको छ । यसका अतिरिक्त, तथ्याङ्कको संकलन कसरी गरियो र संकलित तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण कसरी कुन रुपमा गरिएको छ सो समेत सविस्तार उल्लेख गरिएको छ ।

## १.२ तथ्यांक संकलन विधि

अनुसन्धानकर्ताले स्थलगत अध्ययनको आधारमा निम्नलिखित विधिहरुको प्रयोगद्वारा तथ्याङ्कहरुको संकलन गरी यस शोधकार्यलाई पूर्णता दिइएको छ ।

### १.२.१ प्राथमिक स्रोतहरु

अध्ययनको लागि प्राथमिक तथ्यांक संकलन गर्न अन्तर्वार्ता तथा अवलोकन विधि प्रयोग गरिएको हो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### १.२.१.१ अन्तर्वार्ता

अध्ययनमा प्रयोग गरिएका प्रायजसो तथ्यांक राजतीर्थ क्षेत्रका स्थानीय क्षेत्रका बासिन्दा, पुजारी, तीर्थयात्री तथा भक्तजनहरुबाट लिइएको थियो । अध्ययनमा प्रयोग गरिएका केही तथ्यांकहरु विज्ञ तथा विशेषज्ञहरुसँगको अन्तर्वार्तामा आधारित रहेका छन् । शिक्षा तथा संस्कृति क्षेत्रका अग्रज व्यक्तित्व, लेखक तथा समाजका अगुवाहरुबाट राजतीर्थ क्षेत्रको बारेमा जानकारी लिइएको थियो ।

#### १.२.२.२ अवलोकन

अन्तर्वार्ताबाट लिइएका तथ्यांक बाहेक अवलोकन पद्धतिबाट पनि राजतीर्थ क्षेत्रमा रहेका देवीदेवताका मूर्ति, लिङ्ग, शिलालेख तथा अन्य धार्मिक तथा सांस्कृतिक महत्वका बस्तुहरुको बारेमा विविध जानकारी लिइएको हो । यसरी अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा गई राजतीर्थ क्षेत्रको बारेमा वास्तविक अवस्था पत्ता लगाउन र त्यहाँ देखिएका घटनालाई प्रत्यक्ष्य एवं अप्रत्यक्ष्य अवलोकन

गरिएको छ । अध्ययनका क्रममा फोटोग्राफीको प्रयोग गरी त्यस्ता महत्वका वस्तुहरुलाई शोधपत्रको अनुसूचीमा समावेश गरिएको छ ।

### १.२.२ द्वितीयक स्रोत

विभिन्न विद्वानहरूद्वारा लेखिएका प्रकाशित र अप्रकाशित पुस्तक, लेख, शोधग्रन्थ, रचना आदि यस शोधपत्र तयार गर्ने क्रममा सहायक सामग्रीका रूपमा अपनाईएको छ ।

## १.९ शोधको रूपरेखा

प्रस्तुत शोधलाई निम्नानुसार विभिन्न अध्यायमा विभाजन गरिएको छः

प्रथम अध्यायः अध्ययन परिचय

द्वितीय अध्यायः नेपालका प्रमुख तीर्थको परिचय

तृतीय अध्यायः हिन्दु धर्ममा जलको महत्व र प्रयोग

चतुर्थ अध्यायः पाटन गुसिंगाल स्थित राजतीर्थको महत्व

पाँचौ अध्यायः राजतीर्थमा गरिने प्रमुख संस्कारहरू

छैटौं अध्यायः उपसंहार

# दोस्रो अध्याय

# तीर्थको परिचय र महत्व

## २.१ तीर्थ परिचय

ऋग्वेदमा "पौंस्यानि तस्थुः तीर्थे न दस्ममुप यन्त्यूमः" भनी उल्लेख गरिएको छ ।[३] जसको अर्थ तीर्थ भनेको एक पवित्र स्थान हो । त्यस्तैगरी तीर्थ धर्म, कर्म, मोक्ष्य र पुर्नजन्मसँग पनि सम्बन्धित रहेको छ । तीर्थस्थलको दर्शन गर्नाले पुण्य प्राप्ति हुन्छ, जीवन पद्धति र संस्कृतिमा परिवर्तन ल्याउँछ भन्ने एकाथरी भनाई पनि रहेको छ भने यस्ता स्थलको दर्शनले गर्नाले मानिसले आध्यात्मिक आनन्दको अनुभव गर्न सक्छ भन्ने अर्कोथरी भनाई पनि रहेको छ । तीर्थस्थलको महत्व सबै धर्ममा विशिष्ट रहेको हुन्छ । हिन्दु धर्मसँग पनि तीर्थको गहिरो सामिप्यता रहेको छ ।

हिन्दु धर्ममा तीर्थस्थलहरूको दर्शनले मृत्युपश्चात् स्वर्ग प्रवेश गरिन्छ भन्ने धारणा रहेको छ । यसर्थ तीर्थ यस्तो पवित्र ठाउँ हो जहाँ मानिसहरू धर्मभावबद्ध श्रद्धा सहित स्थान, यज्ञ, देवदर्शन आदि उद्देश्यले जान्छन् । तीर्थहरूलाई तिनीहरूको महत्व, विशेषता र उद्देश्यका आधारमा तीन भेदमा विभाजन गरिएको छ । यस्ता तीर्थहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १) जङ्गम तीर्थ

सदाचारसम्पन्न सात्तिवक एवं वेदज्ञ साधु, सन्त र व्राह्मणलाई जङ्गमतीर्थ मानिन्छ । यस्ता साधु, सन्त र ब्राह्मणहरुको दर्शन एवं आशिर्वचनद्वारा मानिसहरुको मनको शंका निवारण भई उनीहरुको पश्चाताप र पाप पखालिन्छन र उनीहरुले आफ्नो सबै मनकामना प्राप्त गर्दछन् । यस्ता सदाचारी, सात्विक एवं वेदज्ञ साधु,

---

[३] पि.वि. काँणे, **धर्मशास्त्रको इतिहास,** तृतीय भाग, (लखनउः सच्चिदानन्द पाठक, २००३), पृ. १३०० ।

सन्त र ब्राह्मणहरु भगवत्प्रेममा तल्लीन भई विभिन्न ठाउँको विचरण गरी निःस्वार्थ भावले परोपकार गर्दै हिँडने हुनाले उनीहरुलाई जङ्गमतीर्थ भनेको हो ।[४]

(२) **भौम तीर्थ**

मनमा उत्पन्न हुने सत्य, क्षमता, इन्द्रियनिग्रह, दया, सरलता, मृदुभाषण, ब्रह्मचर्य, तप, सन्तोष, धर्म, दान, ज्ञान, दम, धृति, पुण्य यी मानसिक सद्भावहरुलाई मानसतीर्थ भनिन्छ, किनभने मानिसको अन्तस्करढा वा मनको शुद्धि नै सर्वोत्तमतीर्थ हो । मानिसको अन्तस्करण शुद्ध नभइकन उसको मनमा पवित्र एवं आध्यात्मिक भावना जागृत हुन सक्दैन । त्यसकारण मानिसको अन्तस्करणमा उपर्युक्त मानसिक सद्भावहरुको जागरण र विकास भई त्यसको अवलम्वनलाई मानसतीर्थ मानिएको हो ।[५]

(३) **मानस तीर्थ**

भूमि अथवा पृथ्वीका पवित्र स्थल एवं जलाशय र नदीलाई भौमतीर्थ मानिन्छ । भूमि र जलको पुण्यता नै भौमतीर्थको कारकतत्व हो । भौमतीर्थलाई अर्को शब्दमा स्थावरतीर्थ पनि भनिन्छ । कहिँ भूमिको अद्भूत प्राकृतिक वनावटः कहिँ पवित्र जलाशय, नदीहरुको सङ्गम र तट, कही भगवदवतारहरुको जन्म एवं लीलाभूमि र कहिँ ऋषि, मुनि र सन्त, महात्माहरुको तपोभूमि भएकाले ती स्थानहरु पवित्र एवं पुण्यप्रद मानिन्छन् । त्यस्ता स्थानहरु भौगोलिक रुपमा नै स्वच्छ एवं रमणीय हुने र त्यहाँ पुण्यात्माहरुको दर्शन, आशीर्वचन र सत्संग हुने हुनाले त्यहाँको वातावरणले नै

[४] गुरुङ्ग, जगमान, **गण्डकीप्रसवणक्षेत्रको सांस्कृतिक सम्पदा,** काठमाडौँ : पश्चिमाञ्चल विकास मञ्च, २०६७, पृ. ३० ।

[५] ऐजन, पादटीप्पणी संख्या ४ ।

मानिसको अन्तरात्मालाई पवित्र बनाउँदछ । अतः यस्ता भौमतीर्थहरु अझ बढी महत्वपूर्ण मानिन्छन् ।[६]

महाभारतको वनपर्वको पुलस्त्यतीर्थयात्रा, प्रसङ्गमा नेपालमा कतिपय प्रसिद्ध तीर्थस्थलहरूको वर्णन पशुपति पुराण, गण्डकी महात्म्य, स्कन्दपुराणमा उल्लेख पाइन्छ । त्यहाँ गण्डकी शालीग्राम क्षेत्र (मुक्तिक्षेत्र), माहेश्वरी धारा (त्रिशुली), अरुण, गौरीशंकर हिमाल, कोकामुख (वराहक्षेत्र) आदिको उल्लेख पाइन्छ ।[७]

'तीतीर्षणः तिष्ठन्ति यत्र सु' तीर्थ मुक्त भएका वा मुक्त हुन चाहने व्यक्ति जहाँ बस्दछन् त्यो स्थानलाई तीर्थ भन्दछन् । तीर्थ तीन किसिमको बताइएको छ । जलीय तीर्थ, पार्थिव तीर्थ (यज्ञ, तप आदि) जङ्गम तीर्थ (सत्यपुरुषहरूको उपस्थिति) तीर्थ भनेको वास्तविक धाम र भौतिक धाम हो । मानिसको जीवनको मुख्य उद्देश्य एकमात्र परम लाभ हो भगवत प्राप्ति ।

काठमाडौँ उपत्यकाको महान तीर्थहरुको वर्णन विभिन्न पुस्तकहरूमा उल्लेख छ । वराहक्षेत्र, मुक्तिनाथ, रुरुक्षेत्र पशुपती, लुम्बिनी, देवघाट, हरिहरक्षेत्र आदि लाई महान तीर्थस्थलको रूपमा चर्चा गरिएको छ ।[८]

समग्रमा तीर्थ भन्नाले सत्य, क्षमा, इन्द्रिय दमन, प्राणिहरूमाथि दया गर्नुलाई भनिन्छ । दान, संयम, सन्तोष गर्नु पनि तीर्थ हो । ज्ञान धैर्य तपस्या गर्नु पनि तीर्थ हो, तीर्थहरूमा सबभन्दा श्रेष्ठ तीर्थ भन्नु नै अतस्करणलाई शुद्ध गर्नु हो भन्ने कुरा आम धारणामा पाइन्छ ।

---

[६] ऐजन, पादटीप्पणी संख्या ४ ।

[७] टण्डन, गोविन्द, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, भाग एक, (काठमाडौँ : झरेन्द्र शम्शेर ज.व.रा. तथा श्रीमती मञ्जु राण, वि.सं. २०५३), पृ. १९८ ।

[८] पूर्ववत्, (पाद टिप्पणी नं. ४), पृ. १९९ ।

## २.२ तीर्थको महत्व

हिन्दु धर्ममा तीर्थको विशेष महत्व छ । नेपाली जनजीवनमा तीर्थको महत्व धेरै अगाडी देखि छ । तैत्तिरीय संहितामा तीर्थमा स्नान गर्नाले मुक्ति मिल्ने कुराको चर्चा गरिएको छ । तैत्तिरीय संहितामा तीर्थमा स्नान गर्नाले मुक्ति मिल्ने कुराको चर्चा गरिएको छ । प्रसिद्ध मन्दिर, देवी-देवता, ऋषि-मुनि, नदी आदिको प्रभाव र सामीप्यले गर्दा नजिकका नदी, स्रोत, कुण्ड, पोखरी आदि तीर्थको रूपमा प्रसिद्धि पाउने परम्परा रहिआएको छ । त्यस्तैगरी अर्को मान्यता अनुसार जब महानतालाई वस्तुमा परिणत गरी कुनैपनि समय र स्थानमा चित्र र जात्राको रूपमा प्रस्तुत गरिन्छ भने त्यो सधै तीर्थ रहन्छ ।[९] यस्ता महत्वका तीर्थस्थलहरू हजारौंको संख्यामा नेपाल र भारतमा रहेका छन् । यस्ता तीर्थहरू जाँदा केहिपनि नखाई, शुद्ध भएर भगवानको पूजा गरेर निस्कने गरिन्छ ।[१०] यस्ता तीर्थहरूको दर्शन गरी फल प्राप्त गर्नको लागि तीर्थालुहरूमा संकल्प हुनुपर्दछ । हिन्दुहरूको लागि महत्पूर्ण तीर्थस्थलको रूपमा भारतको गंगा नदीलाई मानिन्छ । गंगामा स्थान गर्नाले सम्पूर्ण पापहरूबाट मुक्त हुने र केही पिंढी अगाडिका शाखा सन्तानहरू पनि पापबाट मुक्त हुने विश्वास रहेको छ ।[११] बौद्ध धर्मावलम्वीहरूको लागि लुम्बिनी, बोधगया, मुसलमानको लागि मक्का मदिना र इसाईहरुका लागि जेरुसलेम महत्वपूर्ण तीर्थस्थलको रूपमा मानिन्छ ।

यसका साथसाथै तीर्थस्थल र तीर्थयात्राको मर्यादा एवं आचार-विचारको सम्बन्धमा पनि प्रशस्त चर्चाहरू पाइन्छन् । यज्ञानुष्ठान गर्दा पाइने फलभन्दा पनि तीर्थयात्रा गर्दाको फललाई बढी महत्व दिइएको पाइन्छ । यिनै कारणहरूले गर्दा

---

[९] Klaus K. Klostermaier, ***A Survey of Hinduism***. 3rd Ed. (New York: State University of New York), p. 281.

[१०] ऐजन, पृ. २८२ ।

[११] ऐजन, पृ. २८२ ।

तीर्थ र तीर्थयात्राको महत्व क्रमशः बढ्दै गएको छ । विभिन्न वर्ण, जाति, आदिमा समाज विभक्त भए तापनि तीर्थहरू सबैको निमित्त साझा हुन् । तीर्थस्थलहरूले सबैलाई बिनाविभेद एकै स्थलमा ल्याउन सक्छन् । यस्ता उदाहरणहरूको रूपमा हिन्दु धर्मावलम्वीहरूले बौद्ध धर्मावलीको गुम्वा, विहारको दर्शन गर्नु र बौद्ध धर्मावलम्वीहरूले हिन्दुका मन्दिरहरूको दर्शन गर्नु रहेको छन् । यसरी आउने तीर्थालुहरू विशेषगरी मूल्य मान्यताका साथसाथै मठ, मन्दिर आदिको ज्ञानको समेत अभिवृद्धि गर्न सहायक सिद्ध होस भन्ने ध्येयले पनि आएका हुन्छ । हुन त सामान्य अर्थमा तीर्थ भन्दा मठ, मन्दिर, नदी लगायत सबै क्षेत्रलाई बुझाउँछ, त्यसो भएतापनि पुराणहरूमा तीर्थहरूको उल्लेख गर्दा नदी, पानीको स्रोत कुण्ड, पोखरी आदिलाई संकेत गर्न खोजेको पाइन्छ ।[१२]

धर्मशास्त्रहरूमा विभिन्न कर्मकाण्ड र संस्कारको उल्लेख छ । तीर्थस्थलमा गएर देह त्याग गर्नाले मोक्ष प्राप्त हुने विश्वास गरिन्छ । देह त्याग गर्ने चार प्रमुख तरिका छन् । (१) गाईको गुइँठा बालेर त्यसैमा जलाएर समाप्त हुनु, (२) गंगामा आफ्नो शिरलाई तलपट्टि पारेर देह त्याग गर्नु, (३) गंगा र यमुनाको संगममा डुब्नु, ( ४) मृत शरीरको मासु काटेर पशुपंक्षीहरूलाई खुवाउने गरिन्छ ।[१३]

कुनै पनि तीर्थमा जाँदा गरिने श्राद्ध जसमा आब्हान, विसर्जन, अर्ध्य, द्धिजाङ्गषठनीवेशन, तृप्ति, प्रश्न, विकिष्ठान र अग्नौ करण गरिदैन तर पक्वान्न, सुवर्ण कन्दमुल आदि फलहरूले गर्नु पर्छ, त्यसलाई तीर्थ श्राद्ध मानिन्छ ।

आब्हानं विसृष्टिच तत्र तेर्षा न विद्यते
अर्ध्यभावाहरू चैन द्धिजाङ्गष्ठा निवेशनम् ।
तृप्ति प्रश्न च विकिर तीर्थ श्राद्धेविर्जयत् ।

---

[१२] पूर्ववत्, (पाद टिप्पणी नं. ४), पृ. १९८ ।

[१३] ऐजन, पृ. २८५ ।

तीर्थ श्राद्ध प्रकुवीर्त पक्वान्नेन विशेषतः

अमान्नेन हिरण्येन कन्दमुल फलेश्पि ।[१४]

तीर्थको महत्व अपार छ । सामान्यतया तीर्थको महत्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

क) कर्मकाण्डको लागि आवश्यक सामग्री अपुग भएमा पनि तीर्थमा त्यो पूर्ण नै मानिन्छ । विभिन्न संस्कारहरू मन्दिरमा गर्दा कुनै वस्तु नपुग्दा पनि पूर्ण नै मानिन्छ ।

ख) तीर्थस्थल स्नान, दान, धर्म, पूजा, आराधना, गर्नाले विशेष फल प्राप्त हुन्छ भन्ने विश्वास हुन्छ ।

ग) श्रद्धालुहरुको लागि तीर्थस्थल दैनिक पूजा, आरति गर्ने थलो सरह हुन्छ ।

घ) तीर्थमा गएपछि सदाचार, वुद्धि, विवेक आउँछ भन्ने कुरामा विश्वस्त हुन्छ ।

## २.३ नेपालका प्रमुख तीर्थस्थलहरू

हिन्दु धर्ममा विभिन्न धार्मिक स्थलहरू/तीर्थस्थलहरूको उल्लेख पाइन्छ । यस्ता तीर्थस्थलहरूको महिमा विविध छन् । त्यस्तै फरक फरक आस्था विश्वास र भावना भएका श्रद्धालु तीर्थयात्रीहरू यस्ता तीर्थस्थलहरूमा जाने पूजा आराधना गर्ने र इश्वरप्रतिको विश्वासलाई गाढा बनाउने गर्दछन् । यसरी तीर्थस्थलहरूको दर्शन गर्नाले विभिन्न किसिमका पापहरूबाट मुक्ति पाइन्छ भन्ने धारणा हिन्दु धर्मावलम्वीहरुमा रहेको पाइन्छ । यसरी विविध आस्था, विश्वास र भावनाका साथ तीर्थयात्रामा जाने तिर्थालुहरू नेपालमा रहेका निम्न प्रमुख तीर्थस्थलहरूमा जाने गर्दछन् जसलाई संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।

### २.३.१ देवघाट

---

[१४] ऐजन, पृ. ५०७ ।

नेपालको मध्य विन्दुमा अवस्थित नारायणी (चितवन) लुम्बिनी (नवलपरासी) गण्डकी (तनहुँ) गरी तीन जिल्लाको परिधिमा विद्यमान पवित्र तीर्थस्थल देवघाट/देवघट्ट/देवघाट धाम हो । स्कन्द पुराणअर्न्तर्गत हिमवत्खण्ड र गण्डकीमाहात्म्यमा यसको उल्लेख पाइन्छ ।[१५] यस देवघाट क्षेत्रलाई 'देवाट', देवदह, देवदनी, सिद्धाश्रम, शालग्राम क्षेत्र आदि नामले वर्णन गरेको उल्लेख पाइन्छ । यसरी प्राचिन कालमा यस क्षेत्रको नामको विषयमा परिवर्तन हुँदै आएको हुन सक्छ । त्यति बेला लुम्बिनीमा शाक्य वंशको प्रभुत्व कायम भएको थियो । यो शासन ईशापूर्व छैटौ शताब्दीमा रहेको थियो । नवलपरासी क्षेत्रमा कोलीय वंशको शासन कायम थियो । त्यसैले खिचरीसंक्रान्ति (माघेसंक्रान्ति) मा देवाट/देवघाट क्षेत्रमा आएर स्नान गर्ने र मेला भर्ने चलन कोलीय गणतन्त्रमा चलेर आएको प्रतित हुन्छ ।[१६]

आफ्नो अन्तरात्मा शुद्धि गर्ने इच्छाले स्वर्ग, मर्त्य, पाताल यी तीनै लोकमा र भारतवर्षमा जति तीर्थहरु छन्, ती सबै नित्य पर्वहरुमा यस देवघाट तीर्थमा आउँछन् । त्यसैगरी पृथ्वीमा जति पनि पुण्यदायक तीर्थहरु छन्, ती तीर्थहरुमा स्नन गर्नाले करोडौं गुना फल प्राप्त हुन्छ, त्यो यस देवघाट तीर्थमा स्नान गर्नाले प्राप्त हुन्छ । [१७] यसरी देवताका पनि देवता स्वयं (महादेव शंकरजी पनि) आफ्ना गणहरुसहित यस तीर्थस्थलमा बस्नुहुन्छ? त्यसैले सम्पूर्ण फल प्रदान गर्ने भएकाले देवताहरुको तीर्थ 'देवतीर्थ' भनिएको हो । तिथीहरुले पनि आफ्नो अधिष्ठात्री देवता जानेर नवमी, पूर्णिमा, द्वादशी, महाष्टमी, सूर्य संक्रान्ति, मकर संक्रान्ति तथा षष्ठी एकादशी, गण्डकीसंगमस्थल (देवघाट) मा क्रमैले स्नान गर्नुपर्दछ । किनकी तिथीहरुको महिमालाई जानेर स्नान गर्नाले करोडौं गुना पुण्य लाभ हुन्छ ।

---

[१५] नारायणप्रसाद तिम्सिना, देवघाटक्षेत्रको सांस्कृतिक अध्ययन, (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. २०६४), पृ. ९ ।

[१६] ऐजन्, पृ. २१ ।

[१७] ऐजन्, पृ. १० ।

### २.३.२ आर्यतीर्थ (पशुपतिनाथ)

विश्व सम्पदा सूचिमा सुचिकृत पशुपति क्षेत्रमा रहेको मुख्य मन्दिर पशुपतिनाथ हो । पशुपतिनाथलाई एक पवित्र धामको रुपमा लिइन्छ भने आर्यघाटलाई तीर्थको रुपमा लिइन्छ । पवित्र बाग्मती नदीको किनारमा अवस्थित पशुपतिनाथको मन्दिरको दर्शन गर्नाले “पशु” जन्म हुनबाट मुक्ति पाइन्छ भन्ने परम्परागत विश्वास रहिआएको छ । यस मन्दिरको संरचनालाई हेर्दा पशुतिनाथको मन्दिरको वरीपरि चारवटा चाँदीका ढोकाहरू रहेका छन् । ऐतिहासिक रूपले हिन्दु तथा बौद्ध धर्मावलम्वीहरू यस क्षेत्रको दर्शन गर्न आउने गर्दछन् भने हिन्दुहरूको एकमात्र ठूलो तीर्थस्थलको रूपमा पशुपतिनाथको मन्दिरलाई लिने गरिन्छ ।[१८] यहाँ रहेको शिवलिङ्गको पनि त्यत्तिकै ऐतिहासिक महत्व रहेको छ । त्यस्तैगरी पशुपतिमा शिवरात्रीको दिनमा भव्य मेला लाग्ने गर्दछ । शीवरात्रीको अर्थलाई हेर्दा भगवान शीवको रात्री भने अर्थ लाग्दछ । शिवरात्रीको अवसरमा विशेषगरी देश तथा विदेशबाट तिर्थालुहरू दर्शन गर्न आउने गर्दछन् । विगतको तथ्याङ्कलाई हेर्दा हरेक वर्ष शिवरात्रीको अवसरमा करीव ५ लाख दर्शनार्थीहरू पशुपतिमा आउने गरेको पाइन्छ । आर्यघाटको महिमा ठूलो छ । स्थान, कर्मकाण्ड, विविध संस्कार एवं अन्तिम संस्कार गर्न यो स्थान सर्वोत्तम मानिन्छ ।

### २.३.३ रुरुक्षेत्र

पाल्पा जिल्लाको सदरमुकाम तानसेनदेखि वायव्य दिशामा पाल्पा, श्याङ्जा र गुल्मी जिल्लाको सङ्गम कालीगण्डकी र रिडीखोलाको दोभान रिडीघाट वा रिडीतीर्थको रुपमा प्रसिद्ध छ । सप्तगण्डकी कालीगण्डकीको ठूलो महिमा छ तापनि यस तीर्थको नाम भने शाखा नदी रिडीको नामबाट रहेको छ । मगर भाषमा पानीलाई ‘दि’ अथवा ‘डि’ भनिन्छ । ‘रि’ को अर्थ कालो हो । अतः रिडी भन्नाले कालो पानी भन्ने बुझ्नुपर्दछ । यसैगरी मगर भाषाको गनडि अथवा साग जस्तो

---

[१८] पूर्ववत्, (पाद टिप्पणी नं. ४), पृ १२७ ।

हरियो पानी भन्ने शब्दबाट गण्डकी शब्दको उत्पत्ती भएको उल्लेख यसअघि नै भइसकेको छ । यसरी साग जस्तो हरियो पानी भएको ठूलो नदीमा कालो पानी भएको सानो खोला मिसिएपछि ती दुईको नामलाई संयुक्त गरेर यस महानदीको संस्कृत भाषामा कृष्णगण्डकी र नेपालीमा कालीगण्डकी नामकरण गरेको पाइन्छ । अतः ठूलो नदीलाई सानो खोलाले प्रभाव पारेको हुनाले समनो खोलाको नामबाट यस तीर्थको रिडी नाम रहेको प्रष्ट हुन्छ ।[१९]

रिडीक्षेत्रको अर्को नाम रुरुक्षेत्र हो । रुरुक्षेत्रलाई रुरुकन्या र भगवान हृषीकेशसँग सम्बद्ध मानिएको कुरा यसअघि नै उल्लेख भइसकेको छ । रुरुक्षेत्र र भगवान् हृषीकेशको माहात्म्य सबभन्दा पहिले वराहपुराणमा पाइन्छ । त्यसपछि गण्डकीमाहात्म्यका रचनाकार काशीराम सूरिले आफ्नो मौलिकतालाई पनि समावेश गरेर रुरक्षेत्र र भगवान हृषीकेशको माहात्म्यको व्यख्या गरेको पाइन्छ । मृगहरुद्वारा पालिएकी तपस्विनी रुरु कन्याको नामबाट यो ठाउँ रुरुक्षेत्र कहलाएको विश्वास गरिन्छ । रुरक्षेत्र रिडी तीर्थमा भगवान् हृषीकेश रहनुभएको छ । यसैले पनि रिडीतीर्थको महत्व अझ बढेको छ । रिडीतीर्थमा रिढी र कालीगण्डकीको सङ्गमदेखि पश्चिमपट्टी पाल्पा जिल्लामा रिडीखोलाको दायाँ किनाराको पाखोमा भगवान् हृषीकेशको मन्दिर अवस्थित छ ।

रुरुजातका मृगहरुले दुध खुवाएर हुर्काएकी बालिका अर्थात् रुरु कन्याले तपस्या गेको प्रदेश हुनाले रुरुक्षेत्र भनिएको हो । तानसेनबाट अन्दाजी साढे चार कोस उत्तर-पश्चिममा मुक्तिनाथदेखि बग्दै आइरहेको कालीगण्डकीको तट रुरु नामले प्रसिद्ध तीर्थस्थलको रुपमा रहेको छ । बराहपुराणमा रुरुको विस्तृत वर्णन गरिएको छ ।[२०]

---

[१९] गुरुङ्ग, जगमान, **गण्डकीप्रसवणक्षेत्रको सांस्कृतिक सम्पदा,** काठमाडौँ : पश्चिमाञ्चल विकास मञ्च, २०६७, पृ. १०४ ।

[२०] श्रेष्ण, कृष्णप्रकाश, स्थानामकोश, काठमाडौँ : हिमाल किताब प्रा.लि., २०६७, पृ. ३७० ।

कालीगण्डकीको अर्को नाम शालीग्राम हो । विश्वमा केवल कालीगण्डकीमा मात्र शालीग्राम पाइन्छ । अतः कालीगण्डकीलाई शालीग्रामी भनिएको हो । दामोदरकुण्ड शालीग्रामी कालीगण्डकीको मुहान हो । वैष्णव धर्ममा शालीग्रामलाई भगवान् विष्णुको श्रीविग्रह अथवा मुर्ति मानिन्छ । यसबाट पनि शालीग्राम पाइने एक मात्र कालीगण्डकीको महिमा बढेको छ । कालीण्डककीको किनारमा थुप्रै वैष्णव तीर्थस्थलहरु छन् ।

### २.३.३ टोखासपनतीर्थ

### २.३.४ मातातीर्थ

मातृशोकमा परेको ग्वालाले आफ्नी मरेकी आमाको दर्शन पाएको पोखरी हुनाले नेमुनिले पोखरीको नाम मातातीर्थ राखिदिए । चन्द्रागिरी पर्वतको काखमा रहेको पोखरीको छेउमा बसेर खाजा खाइरहेको एउटा ग्वाला (गोपाल) केटोले आफ्नी मरेकी आमालाई सम्झेर एक टुक्रा रोटी मिल्काउन आँट्दा मरिसकेकी आमाले पोखरीबाट हात बाहिर निकालेर रोटी लिएको किंबदन्ती प्रचलित छ । हरेक वर्ष चैत्रकृष्ण चर्तुदर्शी र वैशाख अमावास्या (मातातीर्थ औंसी) का दिन यहाँ आमा नभएका नरनारीको मेला लाग्छ । यस दिन सबैले आफ्ना जन्मदातृ आमालाई सम्मान गर्दै भोज खुवाउँछन् । [२१] यसरी आफ्नी आमाको सम्झनाका दिनमा मातातीर्थमा आमालाई सम्झने कार्य गरिन्छ ।

### २.३.५ गोदावरी

गौतम ऋषिले तपस्या गरिरहेको बेलामा एउटा दैत्य गाईको रुप धारण गरी ऋषिको तपभङ्ग गर्न आउँदा ऋषिले त्यस गाईको वध गर्दा लागेको गोहत्याबाट मुक्त हुन स्नान गरेको कुण्ड हुनाले गोदावरी रहन गयो ।[२२] भारतको दक्षिणमा

---

[२१] ऐजन, पादटिप्पणी संख्या २०, पृ. ३३३ ।

[२२] ऐजन, पादटिप्पणी संख्या २०, पृ. ८१ ।

रहेको गोदावरीमा तप गरिरहेका ऋषिको मृगचर्म (पादुका) र कमण्डलु उत्रिएको कुण्ड हुनाले गोदावरी नाम रहन् गयो भन्ने अर्को भनई पनि प्रचलनमा रहेको पाइन्छ ।

नेपालमाहात्म्य मा गोभ्राटेश्वर गोश्रृङ्गतीर्थ भनी उल्लेख गरिएको यो कुण्ड ६४ तीर्थमध्येको एक हो । बाह्र वर्षमा भाद्र महिनामा सूर्य र वृहस्पति सिंहराशिमा पुग्दा श्रावण सङ्क्रान्तिदेखि एक महिनासम्म यस कुण्डमा मेला लाग्दछ ।

### २.३.६ लखुतीर्थ

लखुदनी (भद्रमती) र विष्णुमतीको सङ्गमस्थल हुनाले लखुतीर्थ भनिएको हो ।[२३] यी दुई नदीको सङ्गममा स्नान गर्नु धार्मिक हिसावले महत्वपूर्ण पूण्य प्राप्त हुने विश्वास गरिन्छ ।

### २.३.७ आर्यतीर्थ

मृगश्रृंगोदक र खर्वरिका तीर्थको संयोग भएको वाग्मतीमा आर्या तीर्थ छ त्यहाँ स्नान गऱ्यो भने पापरहित भएर मेरो लोक जान पाउँछ र अरु अनेक असल फल पाउँछ भन्ने उल्लेख हरिणेश्वर वाक्यमा हिमत्वखण्ड (अ. ८३) मा भएको छ । यो आर्यघाटमा उमा र शिवको पूजा-आजा र जय गर्नाको ठूलो माहात्म्य पनि त्यहाँ बताइएको छ । पशुपति स्थानको दक्षिण भागमा बाग्मतीमा (आर्यघाटमा) जसले सधै स्नान गर्दछ त्यसलाई ठूलो पुण्य लाग्दछ भनेर पशुपतिपुराणमा भनिएको छ ।

आर्यतीर्थको जलमा स्नान गर्नाले आर्यमा देवता खुशी हुन्छन् भनेर पशुपतिपुराणमा बताइएको छ ।[२४] आर्यघाटमा पूर्वतर्फ मृगस्थलीबाट निस्केर बाग्मतीमा मिसिएको खर्वरिका नदी छ र त्यसको संगमबाट खर्वरिकातीर्थ

---

[२३] ऐजन, पादटिप्पणी संख्या २०, पृ.३७३ ।

[२४] रेग्मी, जगदीशचन्द्र, पशुपति-गुह्येश्वरी माहात्म्य, काठमाडौः नइ प्रकाशन, २०५३, पृ. ११३ ।

कहलिएको छ । आर्यघाटमा पश्चिमतर्फ मृगेश्वरको मुन्तिरबाट धारा रुपले निस्केर बाग्मतीमा मिसिने मृगेश्वर तीर्थ छ । मृगेश्वर तीर्थलाई नै मृगश्रृंगोदकतीर्थ र मृगोदकोद्भवतीर्थ पनि भनिएको छ । बाग्मतीको बीचमा आर्यातीर्थ रहेको विश्वास गरिन्छ । आर्या पार्वतीले त्यहाँ नुहाएकोले आर्यातीर्थ नामाकरण भएको मानिन्छ ।[२५]

## २.३.८ गोकर्ण उत्तरवाहिनी

एकसिङ्गे मृगरुपी शिवको सिङ भाँचिदा स्वस्थानी ग्रन्थअनुसार ब्रह्माको हातमा परेको खण्ड शिवलिङ्गको रुपमा स्थापना गरिएको हुँदा गोकर्णेश्वर भनिन्छ । एक सिङ भएको मृगको अवधारणा अद्वैतवादी दार्शनिकहरुको कल्पनाको उपज हो । चौपाया मृगको चार पाद अर्थात् चरण क्रियापद, विद्यापद, चर्मापाद र योगपादको द्योतक हो भने एक सिङचाहिँ अद्वेतवादी भावनाको प्रतिक हो ।[२६] यस सन्दर्भमा अगस्त्यको भनाई यस्तो रहेको छ :

अत्र श्याम दशग्रीवो गोकणेश्वरसत्रिधौ

तपस्यां परमां कृत्वा त्रैलोक्यदुर्जयोऽभवत् ॥

हे श्याम ! यही गोकणेश्वरको नजीकमा ठूलो तपस्या गरेर रावण तीनै लोकमा जित्न नसकिने भए ।[२७] यसरी गोकर्णमा तपस्या गर्नाले शक्ती प्राप्त हुने विश्वास पनि गरिन्छ । साथै रावणले यही गोकर्णमा आएर तपस्या गरेको र तीनै लोकमा कसैले जित्न नसक्ने भएको विश्वास गरिन्छ ।

यसैगरी गोकर्णमा भदौ महिनामा पिण्डदान गर्न पनि ठूलो संख्यामा तीर्थालुहरु आउने गर्दछन् । यस सन्दर्भमा एक भनाइः

---

[२५] ऐजन, पादटिप्पणी संख्या २२, पृ. ११४ ।

[२६] ऐजन, पादटिप्पणी संख्या २०, पृ. ७९ ।

[२७] खनाल, मुक्तिनाथ, नेपाल माहात्म्य, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२८, पृ. २४७ ।

भाद्रमासे त्वमावास्यां तिथौ गोकर्णसन्निधौ ।

ये पिण्डान् पातयिष्यन्ति तारयिष्यन्ति ते पितृन् ॥

भदौको औंसी तिथिमा गोकर्णको नजिकमा जसले पिण्ड खसाल्नेछन् (दिनेछन्) तिनीहरुले पितृहरुलाई तार्नेछन् ।[२८] यसरी गोकर्णमा आई पिण्डदान गर्नाले आफ्ना पितृहरु वैतर्नी तर्न सफल हुने विश्वास पनि गरिन्छ ।

भृगुपातं करिष्यन्ति गोकर्णेश्वरसन्निधौ ।

तेषां मनोरथाः सर्वे भविष्यन्ति न संशयः ॥

गोकर्णेश्वरको नजिकमा जसले भृगुपात (हाम्फालेर मर्नु) गर्नेछन्, तिनीहरुको सबै इच्छा निश्चय पूर्ण हुनेछन् । साथै गोकर्णको नजिकमा मृत्यु हुनेहरु पनि स्वर्गलोक पुग्ने विश्वास रहिआएको छ ।

### २.३.३ शंखमूलघाट

सरसर्ति हेर्दा शंखमूलघाट एउटै देखिए तापनि यसका निर्माता भने धेरै छन् । जस जसले शंखमूल क्षेत्रमा मन्दिर धर्मशाला वा सत्तलको निर्माण गरे उनैले आफैले निर्माण गरेका मन्दिर, धर्मशाला वा सत्तलको सिमानासम्म प्रस्तर फलक छापेर घाट निर्माण गरेका थिए ।

**१. भावलाल भारतीघाटः** शंखमूलघाटको सबभन्दा पूर्वको ९० हात लामो घाट भावलाल भारतीले निर्माण गरेका छन् । उनले निर्माण गरेको घाटमा तीन भकारी छन् । यो घाट अहिले पनि असाध्यै सफा र राम्रो छ । यहाँका तीन भकारीमा सबभन्दा पूर्वदेखि क्रमशः प्रयागवती तीर्थ, युगवती तीर्थ र वायुमती तीर्थ लेखिएको छ ।

---

[२८] ऐजन, पादटिप्पणी संख्या २०, पृ. ७ ।

२. **सतराम कर्णेल घाटः** सतराम कर्णेलले पनि श्रंखमूल क्षेत्रमा शिवमन्दिर निर्माण गराउनुको साथै मन्दिरदेखि तल शंखमूल तीर्थमा घाट बनाए । उनको घाटलाई सतराम कर्णेलको घाट भनिन्छ ।

३. **जगत शम्शेर घाटः** जगतशम्शेरले शंखमूलमा जगतनारायण मन्दिर लगायत अन्य मन्दिर र मूर्तिहरु बनाएका थिए । यसबाहेक उनले जगतनारायण मन्दिरभन्दा तल शंखमूल तीर्थमा घाट समेत निर्माण गराएका थिए । यस घाटमा चतुर्व्यूहनारायण, गणेश र हनुमानका मूर्तिहरु रहेका छन् ।

४. **रंगनाथ गुरु घाटः** शंखमूल जगतशम्शेरको घाटबाट पश्चिम र दाखचोके महारानीको घाटबाट पूर्व रंगनाथ गुरुले बनाएको घाट छ । यस घाटमा लोकेश्वरको मूर्ति रहेका छन् । यस दशक्रिया र अन्य पैतृक कार्य सम्पन्न गरिन्छन् ।

५. **दाखचोके महाराखी घाटः** शंखमूल पुलको पूर्वपट्टि रंगनाथ गुरुको घाट सँगै श्री ३ महाराज जंगबहादुरकी साहिली महाराखी दाखचोकेले बनाउन लगाएको घाट छ । यस घाटलाई हाल पनि दाखचोके घाट भनिन्छ । यी रानीले राखेको घाटको टुंगोलमा जलाशयन विष्णुको मूर्ति रहेको छ ।

६. **शेरबहादुर घाटः** शंखमूलमा जुद्ध शम्शेरको घाटभन्दा पूर्व र दाखचोके महारानीको घाटभन्दा पश्चिम शेरबहादुर घाट छ । यो घाट शेरबहादुर सिवलाल क्षेत्रीले बनाएको कुरा त्यहाँ रहेको अभिलेखबाट थाहा हुन्छ । शेरबहादुर सिवलालले घाट नजिकै तर पर्खालले घेरेर पिताम्बर नारायणको मन्दिर निर्माण गराएका छन् । यही मन्दिरअगाडिको पर्खालको भित्तमा उनले अभिलेख पनि राखेका छन् ।

७. **जुद्ध घाटः** शंखमूलघाटमा जुन ठाउँमा अहिले शव जलाइन्छ त्यो घाट जुद्ध शम्शेरले बनाउन लगाएका हुन् । यस ठाउँमा मसान २०१२ साल वैशाखशुक्ल द्वादसीका दिन सारिएको हो । यसभन्दा पहिले यो मसान जगतनारायण मन्दिर

चोकमा रहेको थियो । यस घाटमा रहेको मसानमा जुनसुकै समयमा पनि मुर्दा जलाइन्छ ।[२९]

## २.४ तीर्थको उद्देश्य

मानिसहरू विविध उद्देश्यका साथ तीर्थ जाने गर्दछन् । यस्ता उद्देश्यहरूमा विशेष गरी तीर्थको दर्शन गर्नाले फल प्राप्त हुन्छ भन्ने हो । हिन्दुहरूको लागि महत्वपूर्ण तीर्थस्थल गंगामा स्थान गर्नाको मुख्य उद्देश्य आफ्ना सम्पूर्ण पापहरू नाश गराउनु र सात पुस्ता अगाडिका शाखा सन्तानहरूलाई पनि पापबाट मुक्त दिलाउनु हो ।[३०] त्यस्तैगरी तीर्थ दर्शन गर्नुका अन्य उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

क) रोग निको पार्न ।

ख) धार्मिक भावना ।

ग) पापबाट मुक्त हुन ।

घ) प्रायश्चित गर्न ।

ङ) जन्म र मृत्युको चक्करबाट छुट्कारा (मुक्ति) पाउन ।[३१]

च) पशु जन्म हुनबाट वच्न । जस्तै पशुपतिनाथको दर्शन गर्न आउनाले पशु जन्म हुनबाट मुक्ति मिल्छ भन्ने आस्था रहेको छ ।

---

[२९] मञ्जु गौतम "शंखमूल घाट क्षेत्रको सांस्कृतिक अध्ययन", (शोधपत्र, एम.ए. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०६०) (अप्रकाशित), पृ. १३-१४,।

[३०] पूर्ववत्, (पाद टिप्पणी नं. १२०, पृ. २८२ ।

[३१] Klaus K. Klostermaier. **A Survey of Hinduism**. (New York: State University of New York, 2007), p. 284-85.

छ) पितृ ऋण तिर्न । जस्तै गया गएर पिण्डदान गरेमा पितृले प्राप्त गर्दछन् भन्ने मान्यता रहनु ।

ज) स्वर्ग जान ।

यसरी तीर्थका विभिन्न उद्देश्यहरू भए तापनि समग्रमा तीर्थको प्रमुख उद्देश्य भन्नु नै पुण्य आर्जन गरेर पापबाट जोगिनु हो ।

## २.४ तीर्थस्थलहरूको अवस्था र सुधारको आवश्यकता

अहिलेको अवस्थामा तीर्थस्थलहरू कतिपय जीर्ण अवस्थामा रहेका छन् भने कतिपय तीर्थहरू जिर्णोद्वारको क्रममा रहेका छन् । विशेषगरी तीर्थस्थलको महत्व र गरिमालाई उच्च राख्नको लागि दर्शालु, तीर्थालु तथा स्थानीय लगायत सरकारी स्तरबाट नै योजना बनाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । तीर्थस्थलहरूबाट एकनाश फाइदा लिने तर यसको मर्मत संभारतर्फ ध्यान नदिनाले तीर्थस्थलहरू जिर्ण हुँदै गएको पाइन्छ । यस्तो उदाहरणको रूपमा काठमाडौं र अन्य स्थलका थुप्रै मन्दिरहरु छन् ।

## तेस्रो अध्याय

# हिन्दु धर्म र संस्कृतिमा जलको महत्व

### ३.१ जलका स्रोतहरू

जलको स्रोतसम्बन्धी कथनलाई उद्गार गर्ने हो भने ब्रम्हाबाटै पानी उद्गम भएको हो । दिलीप राजाका छोरा भागीरथले लामो समयसम्म प्रयत्न गरेर गंगा ( पानी लाई स्वर्गबाट पृथ्वीमा ल्याएको वर्णन रामायण, महाभारत, भागवत आदि शास्त्रहरुमा पाइन्छ ।[३२] त्यसैले जलका स्रोत नदीहरूलाई मानव सभ्यताको विकासमा सधैं महत्व दिने गरिएको छ । जलको शास्त्रीय नाम आयोनारा हो । जसमा आयोको अर्थ पानी र नाराको अर्थ अमृत तत्व हुन्छ । नाराको अर्थ नारायण जलाशयमा शयन गरेको भएकोले गर्दा नारालाई अमृत तत्वको रुपमा लिइन्छ । नेपालको सन्दर्भमा हेर्दा नदीनाला, कुवा, इनार आदिलाई महत्वपूर्ण जलको स्रोतका रूपमा लिइन्छ । यस्ता श्रोतहरु विभिन्न ठाउँमा विभिन्न स्वरुप र प्रकृतिका हुन्छन । राजघाटमा जलको स्रोतको रूपमा कुवा रहेको छ भने यस कुवाको पानिले स्नान गर्नाले विभिन्न किसिमका रोगहरू निको पार्ने विश्वास रहिआएको छ ।

त्यस्तैगरी जलको महत्वलाई हेर्ने हो भने हिन्दु धर्मशास्त्रको पवित्र ऋग्वेदको ७४९ पृष्ठमा “जललाई प्राथर्ना गर्नाले हाम्रो रक्षा हुन्छ र पानी नै शुद्धिकरणको माध्यम हो ।[३३] भनी जललाई पवित्रताको प्रतिकको रूपमा वर्णन गरिएको छ ।

---

[३२] विणा पौड्याल, **बेद पुराणका केही रत्नहरु,** (दोस्रो भाग), ललितपुरः साझा प्रकाशन, २०६७, पृ. १३-१४ ।

[३३] Ganga Ram Garg. **Encyclopedia of the Hindu World**, (New Delhi: Concept Publishing Company, 1992), p.46.

पानीलाई शरीर मात्र शुद्ध गराउने तत्व नभई यसले श्राप पापबाट पनि मुक्ति दिलाउँछ ।[३४]

नेपालको सन्दर्भमा जलको स्रोतसम्बन्धी चर्चा गर्दा नेपाली समाजको सम्पूर्ण संस्कृति जलसँग सम्बन्धित रहेको छ । नेपाल हिमालयहरू, हिमनदी र तालहरूले भरिपूर्ण देश हो । तसर्थ जलको मुख्य स्रोतका रूपमा हिमनदी, नदि र तालहरू हुन् ।[३५] नेपालमा करीव ६००० नदी र खोलाहरू रहेका छन् । यस्ता नदी र खोलाहरूको उद्गम हिमालय, महाभारत र चुरे पर्वत हुन ।

त्यस्तैगरी धार्मिक रूपबाट पानीको स्रोतसम्बन्धी पौराणिक मान्यता अनुसार व्याख्या गर्ने हो भने स्वर्गका राजा इन्द्रलाई पानी प्रदान गर्ने देवताका रूपमा लिइन्छ । यसै सन्दर्भमा इतिहास शिरोमणि बाबुराम आचार्यले इन्द्रजात्राको प्राचीनताको चर्चा गर्दै- "शरद ऋतुमा खेतका धानका बाला पहेंला भई कृषकहरूका दिल बहलाएका हुँदा वर्षा गराउने देवता इन्द्रलाई प्रसन्न गराउनका निमित्त भाद्रमासका माझमा पर्ने पूर्णिमाका वरपरका सात दिन जति इन्द्रध्वज स्थापनाको चाड गुप्त राजा चन्द्रगुप्तको समयदेखि पुष्पपुरमा चालू भएको देखिन्छ ।[३६] नेपालमा यसको ऐतिहासिक प्रमाण खोज्दा कवि अश्वघोषले आफ्नो कृति "सौन्दरनन्द" को चारौं सर्गमा इन्द्रध्वजको वर्णन गरेका छन् । यी अश्वघोष कनिष्कका पालाका विद्वान् थिए ।[३७]

---

[३४] ऐजन, पृ. ४६ ।

[३५] Shaphalya Amatya. **Water and Culture**. (Kathmandu: Jalsrot Vikas Sanstha (JVS), 2006), p.1.

[३६] बाबुराम आचार्य, **प्राचीन नेपाल,** "नेपाली" २०२६, अंक- ४२, पृ.२१ ।

[३७] नयराज पन्त, "इन्द्रयात्राको विषयमा ऐतिहासिक शिरोमणी श्री बाबुराम आचार्य ज्यूसँग प्रार्थना," **पूर्णिमा,** वर्ष- ६, अंक- ४, वि.सं.२०२६, पृ.३०१ ।

## ३.२ जल संस्कृति

नेपालका धेरैजसो स्थानमा विभिन्न सम्पदा, संस्कृति संरक्षणमा नाचगान सम्पन्न गर्नुपर्ने परम्परा छ । नेपालको प्रायजसोः सबै स्थानमा धान रोप्ने बेलामा पानी र हिलो माटोसँग खेल्ने गरिन्छ र यो संस्कृतिको रूपमा नै चल्दै आइरहेको छ ।

वास्तवमा नेपाली समाजमा पानी शारीरिक, मानसिक, धार्मिक र सांस्कृतिक तथा पुनजर्न्मसँग समेत सम्बन्धित रहेको छ । यस्तो प्रभावलाई हेर्दा लिम्बुहरूको धान नाच, थारुहरूको होरिया नाच र पश्चिम क्षेत्रमा नाचिने देउडा नाँचलाई लिन सकिन्छ ।[३८] सम्पूर्ण प्राणीको लागि पानी जीवनपर्यन्त र मृत्युपश्चात पनि आवश्यक हुन्छ । त्यसकारण पानीलाई एउटा महत्वपूर्ण तत्वको रूपमा जीवन, रचना र मुक्तिसँग जोडिएको छ ।

विहान उठेदेखि बेलुका सुत्नेबेलासम्म पनि पानीको प्रयोग आवश्यक हुन्छ । शरीर शुद्ध बनाउनको लागि कुनै पनि व्यक्ति उठ्ने वित्तिकै उसको पहिलो कर्म स्नान गर्नु हुन्छ । त्यसपछि मात्र उसले पूजापाठ र अन्य कार्य गर्न सक्छ ।[३९]

यसरी समग्रमा हेर्दा मानव जीवनमा जल एउटा संस्कृतिको रूपमा ग्रहण भइसकेको छ । दैनिक कार्यमा देखि लिएर पुण्यकार्यमा समेत जलको विशेष भूमिका रहेको हुँदा जल विना लगभग कुनैपनि कार्य हुन नसक्ने देखिन्छ । मानव जीवनको महत्वपूर्ण वस्तु जलको प्रयोग एउटा संस्कृतिको रूपमा नै हुने गरेको पाइन्छ ।

[३८] ऐजन, पृ. १०७ ।

[३९] ऐजन, पृ. १०७ ।

## ३.३ हिन्दु धर्म र संस्कृतिमा जलको महत्व

नेपाली सांस्कृतिक परम्परामा पानीको स्थान महत्वपूर्ण छ । पानीलाई शुद्ध र मुक्तिको रुपमा लिइएको छ । सामान्य खोला र पँधेराको पानीबाट शरीर शुद्धि हुन्छ भने ठूला नदी, पवित्र स्थलको जलबाट आत्मशुद्धि र प्राप्त भई मुक्ति मिल्दछ भन्ने विश्वास रहेकाले ती जलमा स्नान गर्ने तर्पण दिने गरिन्छ । जलले अभिषेक गरी व्यक्ति र स्नान शुद्धि गरिन्छ । पितृ श्राद्धमा जनै र कुश समाई जल खन्याएर तर्पण गरीन्छ । बलि दिनु अघि जौ तिल, कुश, हिरण्य रहेको जल छर्किने गरिन्छ । कन्याको गोडाको जल खाने, सुत्केरी महिलाले पानी छुने कर्म गरेपछि मात्र देव कार्य र पितृ कार्यमा सहभागी हुन पाउने परम्परा छ ।

यज्ञमा जलको कलश स्थापना गर्ने यात्रामा जानुपूर्व जलघडा समाउने, पाहुनालाई पानी दिएर स्वागत गर्ने, सुनपानी खाने र छर्कने गरेर चोख्याउने जस्ता परम्परा नेपाली समाजमा छन् । खाना खानुअघि खाना वरिपरि जल घुमाएर देवतालाई आव्हान गरी अर्पण गरी आफैले ग्रहण गर्ने चलन ब्राह्मण, क्षेत्री तथा अन्य केही समुदायमा रहेको पाइन्छ । बगिरहेको जल पवित्र हुन्छ भन्ने मान्यता छ । अर्धजल, शुङ्खजल, गङ्गाजल, पवित्र तीर्थको जलको प्रयोग धार्मिक कार्यहरुमा गर्ने चलन छ । मृत्युका बेला मुखमा गङ्गाजल हालिदिने तथा मृत्युपश्चात जलको अञ्जुली दिने तथा आफन्तले शिरबाट पूरै भिज्ने गरी जल खन्याएर स्नान गर्नुपर्छ भन्ने चलन छ ।

वर्ण व्यवस्थामा पानी चल्ने र नचल्नेको बीच छोईछिटोको पनि प्रचलन थियो । परम्परागत रुपमा पानी नचल्ने भनिने र फोहोर प्रकृतिका काम गर्ने धोवी, कसाई, कुसले, पोडे, च्यामेहरुलाई छुट्टै राखिन्थ्यो । पानीसँग सम्बद्ध भएकाले धोवी, कसाई,

च्यामे, पोडेलाई शहरभन्दा बाहिर राख्ने गरेको देखिन्छ ।[४०] शुद्र जातिको हातको पानी चल्दैनथ्यो तर मुलुकी ऐनको व्यवस्थापछि यस्तो चलन हराउँदै गएको छ ।[४१]

जलको महत्वको कुरा गर्दा यो सम्पूर्ण जीवित प्राणीलाई नभई नहुने तत्व हो । जल बिना जीवनको कल्पना पनि गर्न सकिन्न । जलको महत्व जीवनका हरेक क्षेत्रमा पर्दछ । मानव सभ्यताको शुरुवात नै जल वा पानी भएकै ठाउँबाट प्रारम्भ भएको थियो । हाम्रा ऋषि मुनिहरूले जललाई जीवन आधार मानेका थिए । पानीलाई जीवनको शुरुवात र अन्त्य पनि मानिन्छ । भनिन्छ, ब्रम्हबाटै पानी र वाणीको उद्‌गम भएको हो ।[४२] त्यसैले जलका स्रोत नदीहरूलाई मानव सभ्यताको विकासमा सधैं महत्व दिने गरिएको छ । हिन्दु धर्ममा त ठूला ठूला सबै नदीहरूलाई धार्मिक दृष्टिले पनि अति महत्व दिइएको छ । यस्ता नदीहरूमा भारतका गंगा, यमुना नेपालको बाग्मती, त्रिशुली आदि पर्दछन् ।

जलको महत्वको कुरा गर्दा वाग्मती नदीको जलको महत्व जोडनु आवश्यक देखिन्छ । किनभने अध्ययन क्षेत्र राजघाट पनि बाग्मती नदिको किनारमा अवस्थित रहेको छ । भीमसेन थापाको अभिलेखमा बाग्मतीको शुद्ध पानीको सेवनले पाप नाश गर्छ, दुख हर्छ, कल्याण गर्छ र मुक्ति दिन्छ भनिएको छ ।[४३]

बाग्मती नदीको महत्वको चर्चा गर्ने क्रममा बाग्मतीको भीमसेन थापाको अभिलेखमा भगवानको स्तुति सँगसगै बाग्मतीको जलको पनि स्तुति गरिएको छ ।

---

[४०] धन बहादुर कुँवर, **Nepalese Culture**, “काठमाडौँ उपत्यका मानव बसोबासदेखि शहरीकरणसम्म”, Central Department of Nepalese History, Culture and Archeaeology, Tribhuvan University, Kirtipur, 2068, Vol. XI, पृ. २४ ।

[४१] मोहन कोइराला (स.), **नेपाल लघु विश्वकोष**, (काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान,) पृ. ११९ ।

[४२] पूर्ववत्, (पाद टिप्पणी नं. १८), पृ. २८३ ।

[४३] पूर्ववत् ।

यस अभिलेखमा बाग्मतीको शुद्ध पानीको सेवनले पाप नाश गर्छ, दुःख हर्छ, कल्याण गर्छ र मुक्ति दिन्छ भनिएको छ । [४४]

### ३.४ विभिन्न संस्कारमा जलको महत्व

हिन्दु धर्ममा विभिन्न किसिमका पर्वहरु मनाइने गरिन्छ । यस्ता संस्कारहरूमा जलको आवश्यकता हुन्छ ।

नेपालका धेरैजसो स्थानमा विभिन्न पर्वहरु मनाउने गरिन्छ । यस्ता पर्वमा नाचगान समेत हुने गर्दछ । नेपालको प्रायजसोः सबै स्थानमा धान रोप्ने बेलामा पानी र हिलो माटोसँग खेल्ने, नाच गान गर्ने र खानाको परिकार खाने संस्कृति छ ।

नेपालमा मनाइने विभिन्न जात्राहरूमध्ये नदीको किनारमा लाग्ने जात्रा पनि थुप्रै छन् । यस्तो नदीहरूमा रभुवा, दुधकोशी, लिखु आदि रहेका छन् । यस अवसरमा राइहरू हलेसीमा, गुरुङ्ग र राई रभुवा (खोटाङ्ग), सुनार, तामाङ्ग र शेर्पा सिरुवा मा गएर आ-आफ्नै संस्कृति अनुसार पानीको महत्व र नदीको महिमाको बारेमा गीत गाउने, भजन किर्तन गर्ने गर्दछन् ।[४५] त्यस्तैगरी जनकपुर क्षेत्रमा एउटा लोक संस्कृति प्रचलित रहेको छ । यदि कुनैबेला खडेरी पऱ्यो भने यहाँको संस्कृति अनुसार पानी परोस भनेर प्रार्थना र महिमागान गाउने गरिन्छ । यसरी गाइने महिमागान पनि संस्कृतिको रूपमा नै जनकपुरवासीहरूले ग्रहण गर्दै आइरहेका छन् ।[४६]

वास्तवमा पानी नेपाली समाजमा शारीरिक, मानसिक, धार्मिक र सांस्कृतिक तथा पुनजर्न्मसँग समेत सम्बन्धित रहेको छ । नेपालीको लागि पानी एउटा

---

[४४] पूर्ववत्, (पाद टिप्पणी नं. १६), पृ. ३८ ।

[४५] ऐजन ।

[४६] ऐजन ।

आवश्यक वस्तुको रूपमा जन्मदेखि मृत्युपर्यन्त मनाइने विभिन्न संस्कारहरूमा महत्वपूर्ण हुन्छ । त्यसकारण हरेक संस्कारमा पानीलाई एउटा महत्वपूर्ण तत्वको रूपमा जीवन, रचना र मुक्तिसँग जोडिएको छ ।[४७]

## ३.५ लोक संस्कृति र पानी

लोक संस्कृतिले कुनैपनि समाजको परिचय दिन्छ किनभने लोक संस्कृति अन्तर्गत त्यस समाजको साहित्य, संगीत, कला, शिल्प, रितिरिवाज, नाचगान आदि पर्दछन् । नेपाली समाज कृषिमा आधारित समाज भएको हुनाले हरेक कार्यमा जलको ठूलो महत्व रहेको छ । अर्कोतर्फ नेपाल जलस्रोतमा धनी भएको र नदीनाला, खोला, हिमनदी, तलाउ आदिले भरिपूर्ण भएकोले यहाँको संस्कृति पनि पानीबाट प्रभावित छ ।[४८]

नेपालका धेरैजसो स्थानमा विभिन्न रितिरिवाजमा नाच्ने तथा गाउने गरिन्छ । नेपालको प्रायजसोः सबै स्थानमा धान रोप्ने बेलामा पानी र हिलो माटोसँग खेल्ने गरिन्छ र यो संस्कृतिको रूपमा नै चल्दै आइरहेको छ । काठमाडौँ उपत्यकामा भने विभिन्न चाडपर्व र जात्राको अवसरमा जस्तै इन्द्र जात्रा, गाइ जात्रा, तीज, मातातिर्थ जात्रा, बाइसधारा मेला, कृष्णाष्टमीमा गाउने, नाच्ने र भजनकीर्तन गर्ने गरिन्छ । काठमाडौँ उपत्यकाका मुख्य दुई ठूला नदीहरूमध्ये विष्णुमती र बाग्मतीका घाटमा पनि विभिन्न धार्मिक र लौकिक कार्य गरिन्छ ।

हलेसी महादेवको जात्रा मंसीर र चैत्र महिनामा लाग्ने गर्दछ । यस्तो जात्रा पनि नदीको किनारमा लाग्ने गर्दछ । यस्तो नदीहरूमा रसुवा, दुधकोशी, लिखु आदि रहेका छन् । यस अवसरमा राइहरू हलेसीमा, गुरुङ्ग र राई रभुवा (खोटाङ्ग), सुनार,

---

[४७] ऐजन, पृ. ११३ ।

[४८] Shaphalya Amatya. **Water and Culture**. Kathmandu: Jalsrot Vikas Sanstha (JVS), 2006, p.105.

तामाङ्ग र शेर्पा सिरुवा मा गएर आ-आफ्नै संस्कृति अनुसार पानीको महत्व र नदीको महिमाको बारेमा गीत गाउने, भजन किर्तन गर्ने गर्दछन् ।[४९] त्यस्तैगरी जनकपुर क्षेत्रमा एउटा लोक संस्कृति प्रचलित रहेको छ । यदि कुनैबेला खडेरी पर्‍यो भने यहाँको संस्कृति अनुसार पानी परोस भनेर प्रार्थना र महिमागान गाउने गरिन्छ ।[५०] त्यस्तैगरी धौलागिरी अञ्चलका मगरहरू कालीगण्डकी नदिको जलको महिमा गाउँने गर्दछन् । यस्तो महिमाको गीतलाई रुवानी गीत भनिन्छ ।[५१]

नेपाली समाजमा पानीसँग सम्बन्धित विभिन्न उखान टुक्काहरू पनि प्रयोगमा रहेका छन् जस्तै "पानीको कुनै रङ हुँदैन मान्छेको जात हुँदैन", "पानी पिउनु छानेर, शिक्षक रोज्नु जानेर", "पानी दिनु स्रोत नखोल्नु", "कोहीपनि पानीमा हाम नफाली पौडन सक्दैन" जस्ता कथनहरू रहेका छन् ।[५२]

नेपाली समाजमा कवि र गीतकारहरूले पनि पानीलाई महत्वपूर्ण रूपम आफ्ना गीत तथा कवितामा प्रस्तुत गरेको पाइन्छ । राष्ट्रकवि माधवप्रसाद घिमिरेले आफ्नो गीतमा यसप्रकार पानीको वयान गरेका छन्: "फूल को थुंगा बगेर गयो गंगा को पानीमा, कहिले भेट होला है राजै यो जीन्दगानी मा" । त्यस्तैगरी रत्न शमशेर थापा लेख्छन् "यो खोलाको सङ्लो पानी खाइदिउँ खाइदिउँ लाग्छ, मोहनी लाउने कान्छीलाई लैजाउँ लैजाउँ लाग्छ" ।[५३] यसरी हेर्दा जलको महत्व विभिन्न कविताहरूमा समेत रहेको देखिन्छ । जललाई विशेष महत्वको वस्तुको रूपमा हेर्ने

---

[४९] ऐजन ।

[५०] ऐजन ।

[५१] ऐजन, पृ. १०६ ।

[५२] ऐजन, पृ. ११०-११ ।

[५३] ऐजन, पृ. ११२ ।

भएको हुनाले नै मानव जीवनमा अत्यावश्यक वस्तुको रूपमा पानीलाई लिइएको पाइन्छ ।

नेपाली समाजमा हरेक व्यक्तिको दैनिक जीवनमा पानीको अत्यन्तै ठूलो महत्व रहेको छ । विहान उठेदेखि बेलुका सुत्नेबेलासम्म पनि पानीको प्रयोग महत्वपूर्ण मानिन्छ । शरीर शुद्ध बनाउनको लागि कुनैपनि व्यक्ति उठ्ने वित्तिकै उसको पहिलो कर्म स्नान गर्नु हुन्छ । त्यसपछि मात्र उसले पूजापाठ गर्न, पिउन र खाना खानु पर्छ ।[५४] त्यसैगरी नेपाली समाजमा रजस्वला भएको महिलाले छोएको पानी असुद्ध हुन्छ भन्ने मान्यता पनि रहिआएको छ । यदि कुनै व्यक्ति रजस्वला भएको महिलासँग छोइएमा ऊपनि असुद्ध हुने र शुद्धिकरणको लागि सुनपानीले छर्कने गरिन्छ । वास्तवमा नेपाली समाजमा पानी शारीरिक, मानसिक, धार्मिक र सांस्कृतिक तथा पुनजर्न्मसँग समेत सम्बन्धित रहेको छ । नेपालीको लागि पानी एउटा आवश्यक वस्तुको रूपमा जीवनभर र मृत्युपश्चात पनि महत्वपूर्ण हुन्छ । त्यसकारण पानीलाई एउटा महत्वपूर्ण तत्वको रूपमा जीवन, रचना र मुक्तिसँग जोडिएको छ ।[५५] कथित अछुत सँग छोइँदा पनि पानी भने शुद्ध हुने चलन केही समय अगाडिसम्म थियो ।

यसरी हेर्दा समग्रमा जल लोक संस्कृतिसँग गाँसिएर रहेको पाइन्छ । जलको महत्व लोकजीवनमा रहेको हुनाले लोक संस्कृति र पानी एक अर्काका अभिन्न अंग भएका छन् । यसर्थमा मानव जीवनमा हुने हरेक संस्कृतिसँग जल जोडिएको हुन्छ । पानीलाई कतिपय ठाउँमा अमृतको रूपमा लिने पनि गरिन्छ । जललाई मुक्तिसँग जोडने गरिन्छ । वैज्ञानिक रूपमा प्रमाणित भइसकेको छ कि जलको सेवनबाट ७० प्रतिशत रोगहरू निको हुन्छन् ।

---

[५४] ऐजन, पृ. ११२ ।

[५५] ऐजन, पृ. ११३ ।

# चौथो अध्याय

# राजतीर्थको परिचय र महत्व

यस अध्यायअन्तर्गत राजतीर्थ क्षेत्रको परिचय, अवस्थिति, महत्व, यहाँ रहेका सम्पदाहरूको बारेमा जानकारी साथै राजतीर्थ क्षेत्रको अवस्था र गर्नुपर्ने सुधारका कुराहरूलाई समेटिएको छ ।

## ४.१ राजतीर्थ क्षेत्रको सामान्य परिचय

ललितपुर उपमहानगरपालिका वडा नं. २ बाग्मती नदीको किनारमा राजतीर्थ अवस्थित रहेको छ । काठमाडौँ उपत्यकामा रहेका तीर्थस्थलहरूमध्येको एक महत्वपूर्ण तीर्थस्थल हो राजतीर्थ । बाग्मतीको किनारा पचली घाटमा वि.सं. १९७३ जेष्ठ शुदी १३ मा आवाल ब्रह्माचारी षडानन्द अधिकारी जस्ता नेपालमा जन्मेका सिद्ध पुरुषको देहान्त भएको थियो ।[५६] यस तीर्थमा रामको मन्दिर, दुई वटा ढुङ्गेधारा, किरीयापुत्री बस्ने घर, भजनकिर्तन गर्ने गुठी, इनार र विभिन्न देवदेवताका मूर्तिहरू रहेका छन् । यहाँ रहेका मन्दिर करिव १०० वर्ष पुराना हुन । राजतीर्थको नामाकरण सम्बन्धमा राजतीर्थमा तत्कालीन श्री ३ महाराज चन्द्र शमशेर हात्ती चढी नुहाउन आउने गरेकाले राजतीर्थ नाम रहन गएको स्थानीय भनाई छ ।[५७] काठमाडौंको मध्य रत्नपार्कदेखि करिव ३.५ किलोमिटर दक्षिण-पश्चिममा अवस्थित राजतीर्थको बारेमा जानकारी राख्ने श्रोतहरु छैन । तीर्थहरूको वर्गिकरणका हिसावले हेर्ने हो भने राजतीर्थ भौम तीर्थ अन्तर्गत पर्दछ । भौम तिर्थ भन्नाले ध्यान, तपस्या, साधना आदि गरिने तीर्थलाई जनाउँछ । यस्ता तीर्थहरूमध्ये

---

[५६] नेपाल ज्ञानमणि, **नेपाल निरुक्त** (काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्रथम संस्करण, २०४०), पृ. ४०८ ।

[५७] स्थानीयवासी ७० वर्षिय मधुसुधन सुवेदीबाट प्राप्त जानकारीमा आधारित ।

देवघाट, पशुपतीनाथ र स्वयंभु पनि पर्दछन् ।[५८] सानो ठाउँमा अवस्थित भएको हुनाले बाहिरबाट यसो हेर्दा कुनै स्थानीय मन्दिरजस्तो लाग्ने भएकाले मानिसहरूले यसको महत्व बुझ्न पाइरहेका छैनन न त राजतीर्थको सम्बन्धमा कुनै खोज, अध्ययन र अनुसन्धान नै प्रकाशित रूपमा पाइन्छन् । तसर्थ, राजतीर्थको महत्व ओझेलमा परेको छ ।

## ४.२ राजतीर्थको महत्व

उपत्यकाबासीहरु हिन्दु तथा बौद्धधर्मावलम्वीहरुको धार्मिक तथा सांस्कृतिक चाडपर्वहरुको साथै यहाँ बाग्मती नदीको किनारामा अवस्थित सत्तलहरुमा मृत्यु पश्चात गरिने काजक्रिया जस्ता कार्यहरु गर्नको लागि पनि प्रमुख प्रयोगमा ल्याइने प्रचलन छ । यस्था स्थानहरुमा प्रायजसो घाटहरुले महत्वपूर्ण स्थान ओगटेका छन् । जसमा कालमोचन घाट, भगवतेश्वर, पचली तथा टेकु दोभान घाटहरु छन् । यी घाटहरु सबै थापाथली देखि टेकुको बीचमा वडा नं. ११ मा रहेका छन् । यीनै घाटहरुमा परापूर्व कालदेखि अस्वस्थ विरामी तथा जीवनको अन्तिम घडीमा पुगेका तथा जीवन मृत्युको दोशाधमा पुगेको व्यक्तिलाई बाग्मतीको किनारा घाटमा ल्याइन्छ र त्यस्ता व्यक्तिका आफन्त र कुरुवाहरुको बसोबासको लागि सत्तलहरुको व्यवस्था गरिएको छ ।[५९]

राजतीर्थको महत्वबारे चर्चा गर्दा यहाँको कुवाको जललाई पवित्र र विशेष गुणहरु भएको मानिन्छ । मानिसहरु यस कुवाको पानीले नुहाँएमा शरीरमा भएका घाउ, खटिरा जस्ता चर्मरोगहरु निको हुने विश्वास छ । तसर्थ यहाँको पानीले नुहाँउनको लागि भक्तजनहरू विभिन्न ठाउँबाट आउने गर्दछन् । आजभोली

---

[५८] ऐजन ।

[५९] रमिला वैद्य (मुनकर्मी) "त्रिपुरेश्वर बाग्मती नदीको किनारामा अवस्थित सांस्कृतिक सम्पादहरुको संक्षिप्त अध्ययन", त्रि.वि. एम. ए. शोधपत्र, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, कीर्तिपुर, पृ. ११-१२ ।

नजिकको तीर्थ हेला भनेजस्तो मानिसहरू विभिन्न रोगहरू निको बनाउने ध्येयले टाढाटाढाका तीर्थस्थलहरूसम्म पुग्ने गर्दछन् । राजतीर्थको पानीको महत्व बारेमा खासै प्रचार प्रसार नभएको हुनाले पनि यो तीर्थस्थल ओझेलमा परिरहेको छ ।

जललाई अमृतको रूपमा लिइने गरिन्छ । साँच्चै नै राजतीर्थको जलमा विशेष गुण भएको कारणले जनमानसमा यसमाथि आस्था र विश्वास जीवितै रहेको छ । अध्ययनको क्रममा यहाँको पानीलाई प्रयोगशालामा परीक्षण गर्दा पानी पिउनको लागि त्यति उपयुक्त नरहेको कुरा पत्ता लगाइएको छ । अनुसन्धानकर्ता स्वयंले यहाँको पानीलाई परीक्षण गराउँदा Chloride and Ammonia बढी भएको देखियो । यहाँको पानीलाई खाने पानीको रूपमा प्रयोग गर्न उमालेर पिउनुपर्ने अथवा Bleaching Powder को प्रयोग गर्नुपर्ने अध्ययनबाट देखियो । परिशिष्टमा ल्याब रिपोर्ट समावेश छ ।

राजतीर्थको महत्वलाई दुई भागमा विभाजन गर्न सकिन्छ:

**१) सामाजिक तथा सांस्कृतिक महत्व**

सामाजिक तथा सांस्कृतिक महत्व अन्तर्गत राजतीर्थमा रहेको राममन्दीर र भजन कीर्तन पर्दछन् । हिन्दुहरूका देवता भगवान रामको मन्दीर यहाँ हुनुले यस क्षेत्रको सामाजिक महत्व अझ बढ्न पुगेको छ । त्यस्तैगरी सांस्कृतिक सम्पदाको धरोहरको रूपमा राजतीर्थ काठमाडौं अवस्थित थोरै राम मन्दिर मध्य एक हो । हिन्दुहरूका विभिन्न पर्व र संस्कृतिहरू राजतीर्थमा सम्पन्न हुन्छन् । यसो त राजतीर्थ क्षेत्रमा हुने भजन, कीर्तन, किरीयापुत्री बस्ने जस्ता कार्यहरूले गर्दा सामाजिक सद्भाव राम्रो बनाउन मद्दत पुगेको छ त्यसमा पनि हिन्दुहरूका संस्कृतिलाई जागृत राख्नको लागि प्रेरणा पनि यसले प्रदान गरेको छ ।

**२) धार्मिक तथा ऐतिहासिक महत्व**

राम विष्णुका अवतार हुन् । रामको मन्दिरले विशेष धार्मिक महत्व राख्दछ । सत्य, अहिंसा र विजयका प्रतिकका रुपमा रामको कर्मलाई आत्मसात गर्दै मानिसलाई सुकर्मतर्फ डोऱ्याउने कार्यमा थप प्रेरणा प्रदान पनि यसले गर्दछ । राजतीर्थमा रहेको बुद्धमूर्ति, रामका खराउ, घाटका भकारी र बाह्रमुखे शिवलिङ्ग सबैको विशेष महत्व छ । यी ऐतिहासिक महत्वका बस्तुहरू राजतीर्थमा रहनुले पनि राजतीर्थको धार्मिक तथा ऐतिहासिक गरिमालाई उच्च बनाएको छ । यसै सन्दर्भमा राजतीर्थमा रहेको कुवाको पनि आफ्नै धार्मिक तथा आयुर्वेदिक महत्व रहेको छ । टाढाटाढाबाट तीर्थालुहरू यहाँको पानी लिएर स्नान गर्ने गर्दछन् जसले गर्दा शरीरमा भएका घाउ खटिराहरू हटेर जान्छन भन्ने विश्वास रहेको छ ।

राष्ट्रिय स्तरमा परिचित गराउन भने स्थानीय प्रयासले मात्र सफलता प्राप्त नहुने हुँदा यहाँको महत्वलाई राष्ट्रिय स्तरबाट नै पहल गरेमा राजतीर्थ एउटा महत्वपूर्ण तीर्थको रूपमा परिचित हुने कुरामा कुनै द्विवीधा छैन । यसै सन्दर्भमा राजतीर्थमा रहेको सामाजिक, सांस्कृतिक र धार्मिक महत्वका बस्तुहरूलाई निम्नानुसार शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरि अध्ययन गरिएको छ ।

## ४.३ राजतीर्थ क्षेत्रका मन्दिर तथा गुठी

यस खण्ड अन्तर्गत राजतीर्थ क्षेत्रमा रहेका मन्दिरहरु र गुठीको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ । यहाँ रहेका महत्वपूर्ण मन्दिरहरुमा राममन्दिर रहेको छ । त्यसैगरी यहाँ रहेको गुठी र यसको व्यवस्थापन सम्बन्धमा पनि चर्चा गरिएको छ ।  गुठीको सञ्चालनका लागि गरिएको व्यवस्था तथा दैनिक रुपमा गरिने नीत्यकर्मका लागि परम्परादेखि नै गुठी सञ्चालन हुँदै आइरहेको थियो । तर हालको अवस्थामा गुठी सञ्चालनमा रहेको छैन ।

### ४.३.१ राममन्दीर

राजतीर्थमा रहेको एक मात्र महत्वपूर्ण मन्दिरको रुपमा राममन्दिर हो । यस राममन्दिरमा दैनिक रुपमा श्रीरामको पूजाआजा गर्ने गरिन्छ । श्री राम विष्णु

भगवानका अवतार हुन् । विष्णुका विभिन्न अवतार मध्ये दशरथ पुत्र रामको विशेष महत्व छ । रामनवमीका अवसरमा यस तीर्थमा जनकपुरबाट बाबाहरू समेत आउने गर्दछन् भने उनीहरूले १०८ गाग्री सहित राजतीर्थको दर्शन गरिन्छ । यसरी राजतीर्थमा आउने बाबाहरुको लागि बस्ने व्यवस्था तथा खाने प्रवन्ध समेत यहीको गुठीबाट गर्ने प्रचलन रहिआएको थियो । यसरी बाबाहरु आइसकेपछि विधिविधानपूर्वक यहाँ सप्ताह सञ्चालन गरिन्छ ।

### ४.३.२ गुठी

कुनैपनि मन्दिरलाई स्थायित्व र निरन्तरता दिनको लागि आर्थिक स्रोतको व्यवस्था हुनु आवश्यक हुन्छ । राम मन्दिरको स्थायित्वको लागि माथेमाहरुले जग्गा गुठी राखिदिएका थिए । (चित्रफलकः परिशिष्ट क) यहि गुठी जग्गा नै यस मन्दिरको आर्थिक स्रोतको माध्यम हो । यहाँ रामन्दिरको गुठी व्यवस्थापनको चर्चा गर्नुपूर्व गुठी व्यवस्थाकै बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

### नित्य गुठी

संस्कृत शब्द गोष्ठीबाट अपभ्रंश भएर गुठी शब्द बनेको हो । गोष्ठीको अर्थ सभा वा समूह भन्ने हुन्छ ।[६०] समूहको भलाई र सामूहिक उत्तरदायित्वको भावनाको आधारमा यो व्यवस्थाको जन्म भएको हुँदा यसलाई गोष्ठी नामबाट संबोधन गर्न थालियो । नेपाली जनजिव्रोले गोष्ठीलाई गुठी भन्न रुचायो । गुठी शब्दले धार्मिक लौकिक कामलाई प्रत्यक्ष रुपमा बुझाउँछ भने परोक्ष रुपमा ती कार्यहरु गर्न राखिएको जग्गा वा रुपैयालाई बुझाउँछ । त्यसैले गुठी भन्नासाथै दुवै कुरा सँगसँगै आउँछ ।[६१]

---

[६०] गोविन्द टण्डन, **नेपालमा गुठी व्यवस्था,** ( काठमाडौं : नेपाल अध्ययन समूह, वि.सं. २०५२, पृ. १)

[६१] ऐजन ।

गुठी भन्नाले कुनै मठ वा देवी देवताको पूर्व पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कार्यको लागि कुनै मन्दिर, देवालय, धर्मशाला, पाटी, पौवा, इनार, पोखरी, धारा, बाटोघाटो, पुल, चौतारो, गौचरन, बागबगैचा, जंगल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय तथा घर इमारत बनाउन, चलाउन वा त्यसको संरक्षण गर्न दाताले आफ्नो चल अचल सम्पत्ती वा रकममा आफ्नो हक छोडी धार्मिक, सांस्कृतिक, परोपकारी वा सार्वजनिक हितको लागि राखिएको चल अचल सम्पत्ति नै गुठी हो । [६२]

### ४.३.३ राममन्दिरको गुठी व्यवस्थापन

राममन्दीरको गुठी यहाँका स्थानीय माथेमाहरुले सञ्चालन गरेको गुठी हो । यस गुठी को स्थापना १९८४ कार्त्तिक शुक्ल १५ मा भएको थियो । त्यस समयमा माथेमाहरुले राजतीर्थमा देवदेवालय, मन्दिर, पाटी, पौवा, इत्यादी समेत बनाई स्थापना गरेका थिए । मन्दिर संचालनको लागि माथेमाहरुले तुवादोमा, तेखु इता, वविष्णु डोल, हिटिडोल, सोभसि, तासी, मनहरा जस्ता ठाउँहरुमा खेत दिएका थिए ।

राजतीर्थमा विभिन्न पूजाआजा पनि गुठी मार्फत नै सञ्चालन हुने गरेको थियो । रामनवमी शिवरात्री कृष्णाष्टमीलाई विशेष पूजाको लागि १।१० धानमुरि दिने गरिन्थ्यो । त्यसैगरी १०८ ब्राह्मण भोज गराउनको लागि, श्री बाग्मती श्री पचली भैरवनाथको पूजा, काम गर्ने कामदार गुठियारलाई भोज खानाको समेत धानमुरी १७ दिने गरिएको थियो ।

[६२] पूर्ववत्, (पाद टिप्पणी नं. १६), पृ. ५४ ।

तर वर्तमान अवस्थामा राजतीर्थमा गुठीको कुनै भूमिका रहेको देखिँदैन । राजतीर्थमा हुने पूजाआजा तथा अन्य धार्मिक कार्यक्रमको लागि यहाँ उठेको भेटी बाहेक अन्य कुनै माध्यम छैन ।[६३]

## ४.४ राजतीर्थ क्षेत्रका प्रस्तर मूर्तिहरू

यस खण्ड अन्तर्गत राजतीर्थ क्षेत्रमा रहेका मन्दिर प्राङ्गढ र अन्य स्थानमा रहेका मूर्तिहरूको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ । यहाँ रहेका महत्वपूर्ण मूर्तिहरूमा सूर्यमूर्ति, नारायणको मूर्ति, विभिन्न प्रकारका शिललिङ्ग, बुद्धमूर्ति, हनुमानको मूर्ति र उमामहेश्वरका मूर्ति, रहेका छन् । यहाँ रहेका मूर्तिहरुको प्राचिन महत्व रहेको छ ।

### सूर्यमूर्ति

विश्वका प्राचिन धार्मिक परम्परामा सूर्यको पूजा आ-आफ्नो ढंगले गरिदै आएको छ । भारत र नेपालमा सूर्यको पाठ-पूजा र दान गर्ने सौर्य सम्प्रदायको अनुयायिहरुले आइतबार  ब्रत बस्ने र अनिलो खाना खाने गर्दछन् । पृथ्वीको जीवनचक्र संचालनसँगै सूर्य सोभै सम्बन्धित भएकोले नै मानिसले अगाध श्रद्धासँग उनको पूजा गरेका छन् । हिन्दुहरुको प्राचिन ग्रन्थ वेदमा सूर्यको आह्वान सुन्दर मन्त्रहरुद्वारा गरिएको छ । ऋग्वेदमा सूर्यलाई जगतको आत्मा भनिएको छ । महर्षि कश्यप र अदितिका छोराको रुपमा सूर्यको वर्णन धार्मिक पुस्तकहरुमा पाइन्छ । महाभारतको आदिपर्वमा बाह्र आदित्यको (धाता, अर्थमा, मित्र, वरुण, अंश, भग, इन्द्र, विश्वान, पूषा, त्वष्टा, सविता र विष्णु) नाम उल्लेख छ ।

सातवटा घोडाले तानेको रथमा अरुण सारथी भएको यो मूर्तिलाई सूर्यमूर्ति भनिन्छ । यी सातवटा घोडाहरूले सातवटा दिनको प्रतिनिधित्व गर्दछन् । सूर्यको मूर्तिमा अरुणले घोडाहरूलाई दौडाउने गर्दछन् । रामायणमा सूर्य तथा राजा

[६३] मन्दिरका पुजारी मेघनाथ घिमिरे (वर्ष ४५) बाट प्राप्त जानकारी ।

सुग्रीवको पिताको रुपमा वर्णन गरिएको छ । सूर्यलाई सर्वोच्च देवताको रुपमा पूजा गर्ने चलन हिन्दुहरुमा रहेको छ । सूर्यलाई एकमात्र आकाशमा देख्न सकिने भगवानका रुपमा पनि लिइन्छ । (चित्र फलक संख्या ३)

त्यस्तैगरी हिन्दु धर्मशास्त्रमा सूर्यलाई विहानै उठेर नमस्कार गर्ने प्रचलन रहेको छ । यसलाई सूर्य नमस्कार भनिन्छ । यसैगरी दैनिक रुपमा १०८ मन्त्र जप गर्ने प्रचलन पनि हिन्दुहरुमा रहेको छ ।

यसै सन्दर्भमा रामायणमा सूर्यलाई सुग्रीवका पिताको रुपमा वर्णन गरिएको छ जसले रावणलाई हराउन राम र लक्ष्मणलाई सहयोग गरेका थिए । सूर्यवंशी गोत्रका राजाहरुले रामलाई सूर्यकै वंश भएको मान्दछन् ।

## नारायणको मूर्ति

मुख्य मन्दिर भित्र रहेको नारायणको मूर्ति (चित्र फलक संख्या ४) सुन्दर छ । यसमा हामि देख्न सक्छौं नारायणका चार हात रहेका छन् । साथै नारायणको बाहनमुनि गरुड पनि देखाइएको छ । यसबाट नारायण गरुडमा सवार भएको प्रतित हुन्छ । यहाँको नारायणको मूर्तिमा उनको गलामा तुल्सीपत्रको माला पनि छ । सम्पूर्ण जगतको पालनकर्ताका रूपमा चिनिने नारायण गरुडमाथि सवार भएको अवस्थामा यो मूर्ति रहेको छ । मन्दिरका पुजारी मेघनाथ घिमिरेका अनुसार ढुङ्गामा कुँदिएको यो मूर्ति करिव १५० वर्ष पुरानो हो ।[६४] विष्णु चातुब्यूह मूर्तिका चार मुखाकृति हुन्छन् । १) वासुदेव जुन पूर्व दिशामा रहेका हुन्छन् जसलाई परमात्मा भनिन्छ, २) संकर्षण जुन दक्षिण दिशामा रहेका हुन्छन जसलाई जीव भनिन्छ, ३) प्रद्युम्न जुन पश्चिम दिशामा रहेका हुन्छन जसलाई मन भनिन्छ, ४) अनिरुद्ध जुन उत्तर दिशामा रहेका हुन्छन अहंकार भनिन्छ, ५) परव्रम्ह परमेश्वर जसको उर्धभागमा निराकार सून्यता रहन्छ ।

[६४] मेघनाथ घिमिरे, वर्ष ४६ बाट प्राप्त जानकारी अनुसार ।

## शिवलिङ्ग

शिवलाई मानिसहरूले विभिन्न रूपमा पूजा तथा आराधना गरिरहेका हुन्छन । यस्ता विभिन्न रूपहरूमध्ये शिवलिङ्ग पनि एक पर्दछ । लिङ्गलाई विशेषगरी मन्दिरहरूको बीच भागको गर्भ गृहमा स्थापना पूजा गर्ने गरिन्छ । यसरी पूजा गरिने लिङ्गहरू दुई प्रकारका हुन्छन- चल लिङ्ग र अचल लिङ्ग ।[६५] यस्ता दुई प्रकारका लिङ्गहरू मध्ये राजतीर्थमा रहेको यो चल लिङ्गमा शिवका बाह्र ज्योर्तिलिङ्गमा आकृतिहरू छन् । यो शिवलिङ्गको माथिल्लो भाग अर्धचन्द्राकार रहेको छ । लिङ्गको बीच भागमा मुखहरू भएको यो लिङ्गलाई मुखलिङ्ग पनि भनिन्छ (चित्र फलक संख्या ५) । द्वादश ज्योतिर्लिङ्गको महिमा शास्त्रमा विस्तृत रुपमा छ ।

राजतीर्थ क्षेत्रमा स्थापित द्वादश ज्योर्तिलिङ्ग धार्मिक हिसावले अत्यन्त महत्वपूर्ण मानिन्छ । शिवलिङ्ग सामान्यतया पाँचमुखे हुन्छन । तर राजतीर्थमा रहेको यो लिङ्गमा बाह्र ज्योतिर्लिङ्गको मुहारहरू कुदिएको छ । त्यस्तैगरी राजतीर्थ क्षेत्रमा चार मुखाकृति भएको शिवलिङ्ग पनि रहेको छ ।

यसरी पाँच मुखाकृति भएका शिवलिङ्गहरूमा भगवान शिवका पाँचवटा मुख हुन्छन । जसमा वामदेव, तत्पुरुष, अघोर, सद्योजता, सद्योगगरी र इशाँना पर्दछन ।[६६] भक्तजनहरूले शिवलिङ्गहरूमा शुद्ध दुध चढाउनले शिव प्रशन्न हुने विश्वास गरिन्छ । राजतीर्थमा रहेका यस्ता शिवलिङ्गहरू लक्षणको हिसावले करिव ४०० वर्ष पुराना हुन (चित्र फलक संख्या ६)।

यस्तैगरी राजतीर्थ क्षेत्रमा सामान्य किसिमको चल लिङ्ग पनि रहेको छ । यस्तो चललिङ्ग मन्दिरको ठीक दाहिने भागमा रहेको छ ।  सादा प्रकृतिका

---

[६५] Rao, Gopinath. **Elements of Hindu Iconography**, (Vol. 2.1. Madras: The Law Printing House, 1916), p. 73.

[६६] पूर्ववत, पृ. ९७ ।

लिङगहरु यस्ता लिङ्गहरू महत्वको हिसावले अन्य लिङ्गहरूले जस्तै समान महत्व राख्दछन् । राजतीर्थ क्षेत्रमा यस्ता शिवलिङ्गहरूको पूजा गर्दा फूल र अक्षेता भुईमा राखिन्छ भने जल र दुध लिङ्गको माथिल्लो भागमा चढाउने गरेको पाइन्छ (चित्र फलक संख्या ७)। पञ्चमुखी शीवका पाँचवटा तत्वहरु हुन्छन जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१) तत्पुरुष जुन पूर्व दिशामा रहन्छ र ब्रह्मा र पृथ्वी रहन्छ ।

२) सघोजात जुन पश्चिम दिशामा रहन्छ जसलाई विष्णु जलले चिनिन्छ ।

३) वामदेव जुन उत्तर दिशामा रहन्छ जसलाई अर्धनारेश्वर बाहु भनिन्छ ।

४) अघोर जुन दक्षिण दिशामा रहन्छ जसलाई भैरव अग्नि भनिन्छ ।

५) इशान जसलाई उर्ध आकाश अथवा शून्य भनिन्छ ।

शिवलिङ्गका पीठ तीन शैलीका हुन्छन् । यस्ता पीठहरु नगर, द्रविड र बेसर गरी विभाजन गर्न सकिन्छ । नगर शैलीको पीठ चतुष्कोण आकारको हुन्छ र उत्तर भातमा यसको प्रचलन पाइन्छ । द्रविड शैलीको पीठ अष्टकोणाकारको हुन्छ र दक्षिण भारतमा यसको प्रचलन रहेको हुन्छ । नगर र द्रविड शैलीको मिश्रण बेसर शैली हो । बेसर शैलीको पीठ गोलाकारको हुन्छ । नेपालमा प्राचिनकाल देखि नै नगर र बेसर शैलीको पीठको प्रचलन रहिआएको पाइन्छ । लिच्छवी राजा मानदेवका रानी क्षमसुन्दरीको लाजिम्पाटको शिवलिङ्ग नगर शैलीको अर्थात चतुष्कोणाकारको छ । मानदेवको अर्की रानी गुणवतीको लाजिम्पाट टुकुचामा रहेको शिवलिङ्गको पीठ बेसर शैली अर्थात गोलाकारको छ । राजतीर्थस्थित यस शिवलिङ्गको पीठ बेसर शैलीको अर्थात गोलाकारको छ ।

**बुद्धमुर्ति**

सिद्धार्थ गौतमको जन्म लुम्बिनीमा भएको हो । उनलाई गौतम बुद्ध र शाक्यमुनीको नामले पनि चिनिन्छ । गौतम वुद्ध शाक्यवंशी राजा शुद्धोधन र माता मायादेवीका छोरा थिए । बुद्धलाई अहिंसाका प्रतिमूर्ति मानिन्छ भने हिन्दुहरुले विष्णुका अवतारको रुपमा पूजा गर्दछन् । बुद्धले अहिंसाको बाटोमा मनुष्यलाई डोऱ्याउन विभिन्न प्रयत्न गरे । उनले यसका लागि मानिसले अपनाउन पर्ने मध्यमार्गको प्रचार गरे ।[६७] राजतीर्थमा रहेको यो बुद्धमूर्तिले ध्यान, तपस्या र ज्ञानको बाटोमा लाग्न प्रेरणा दिन्छ । गौतम बुद्धले जस्तै अहिंसाको मार्गमा हिडेर, ज्ञान, तत्व, विद्या, वुद्धि र विवेकको प्रयोग गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । पाटनको कृष्ण मन्दिर र भण्डारखालमा विष्णुको अन्य अवतार सँगै बुद्ध मूर्ति पनि कुँदिएको छ ।

बुद्धको मूर्तिमा (चित्र फलक संख्या ८) कुनैपनि गर गहनाको प्रयोग गरिएको छैन । बुद्धको शिरमाथि उष्णीष, लामो कान देखाइएको छ । हिन्दुहरूले बुद्धलाई विष्णुका दश अवतार मध्ये नवौ अवतारका रूपमा मान्दछन् । बुद्धलाई विशेष गरी वुद्धजयन्तीको दिन धुमधामसँग पूजाआज गरिन्छ भने बुद्धको मार्गमा हिड्न सबैलाई प्रेरणा प्रदान गर्दछ । यसरी वुद्धजयन्तीको दिनमा विशेषगरी बौद्ध धर्मको लागि प्रसिद्ध चार धाम भनेर “लुम्बिनी, बोधगया, सरनाथ र कुशिनगर लाई चिनिन्छ । यी स्थलहरूले बौद्ध धर्मावलम्वीहरूलाई बुद्धले गरेजस्तै गर्न र उनको बाटोमा लाग्ने सन्देश दिन्छ ।”[६८] राजतीर्थमा रहेको बुद्धमूर्ति धार्मिक सहिष्णुताको प्रतिक हो ।

---

[६७] Klaus K. Klostermaier, *A Survey of Hinduism. (*3rd Ed). New York: State University of New York, p. 372.

[६८] Mittal, Sushil and Gene Thursby. *The Hindu World*. pg. 478.

## हनुमान मूर्ति

राजतीर्थ क्षेत्रमा रहेको यो हनुमानको मूर्तिको (चित्र फलक संख्या ९) विशेष महत्व रहेको छ । रामायणमा हनुमानलाई एक शक्तिशाली र रामका प्रवल भक्तका रुपमा वर्णन गरिएको छ । हनुमानको जन्म, वाल्यकाल र श्रीरामसँगको भेटवार्ताबारे विभिन्न रामायण, महाभारत र नरपतिजयाचर्यामा उल्लेख छ । नरपतिजयाचर्या नामक ग्रन्थमा हनुमानको मूर्ति बनाउने पदार्थ र उद्देश्यको वर्णन छ । काठ, ढुंगा, धातु आदि पदार्थले हनुमानको मूर्ति बनाउनू भनी त्यस ग्रन्थमा बताइएको छ । त्यस्तै गर्‍यो भने अनिकाल पर्दैन, रोगको डर हुँदैन, शत्रु आउन सक्दैन, बज्र पर्दैन, बोक्सी, भूत, पिशाच आदिको डर हुँदैन भनी त्यसमा उल्लेख गरिएको छ ।[६९] रावणले हानेको तिर लक्ष्मणलाई लाग्दा औषधी खोज्दै जाँदा हनुमानले पहाडनै उठाएर ल्याएको प्रसङ्ग चर्चित रहेको छ । हुनमानको जन्म, बाल्यकाल र श्रीरामसँगको भेटवार्ताबारे रामायण, महाभारत र नरपतिजयाचर्याटीकामा उल्लेख छ । नरपतिजयाचर्या नामक ग्रन्थमा हनुमानको मूर्ति बनाउने पदार्थ र उद्देश्यको वर्णन छ । काठ, ढुंगा, धातु आदि पदार्थले हनुमानको मूर्ति बनाउनू भनी त्यस ग्रन्थमा बताइएको छ । त्यस्तै गर्‍यो भने अनिकाल पर्दैन, रोगको डर हुँदैन, शत्रु आउन सक्दैन, बज्र पर्दैन, बोक्सी, भूत, पिशात आदिको डर हुँदैन भनी त्यसमा उल्लेख गरिएको छ ।[७०]

हनुमानको प्रतिकको रुपमा हिन्दुहरुले बाँदरलाई लिने गर्दछन् । राजतीर्थमा रहेको हुनमानको मूर्ति को पनि आफ्नै महत्व रहेको छ । यसले निष्ठा, आस्था र शक्तिको प्रतिनिधित्व गर्दछ । यसरी यहाँको घण्टी बजाउनाले हनुमानलाई सन्देश पुग्ने विश्वास पनि गरिन्छ । रामायणका एक बलवान पात्रका रूपमा चिनिने हनुमान

---

[६९] पूर्ववत् (पाद टिप्पणी नं. १६), पृ ३८ ।

[७०] वीणा पौडेल, **नैपाली मूर्तिकला र चित्रकला,** (नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर), पृ. ३८, २०६० ।

अति नै शक्तिशाली भएको कुरा वर्णन गरिएको छ भने लक्ष्मणलाई बचाउन उनले संजिवनीको खोजीमा पहाड नै उचालेर ल्याएको कुरा पनि वर्णन छ ।

**उमामहेश्वरको मूर्ति**

ब्रह्मा, विष्णु र महेश्वर त्रिदेव मध्ये महेश्वरलाई संहारकर्ता मानिन्छ । शिव र शक्ति स्वरुप पार्वती नै उमामहेश्वर हुन् ।

नेपाली कलाकारले मूर्ति कुँदन मन पराएको धेरै नै जाँगर देखाएको मूर्तिफलक हो उमा महेश्वर । काठमाडौँ उपत्यका भित्रका विभिन्न स्थानमा लिच्छवीकाल भन्दा अगाडिका मूर्तिहरु पनि छन् । चाँगु क्षेत्र, पाटनको सिकुवही र चामुण्डा, पशुपति क्षेत्र आदिमा प्राचिन उमामहेश्वरका मूर्तिहरु छन् । लिच्छवीकालका उत्कृष्ट उमामहेश्वरका केही मूर्तिहरु चोरिएर विदेश पुगेका छन् । कला पारखी र सजग नागरिकहरुको पलहमा केही उमामहेश्वरका मूर्ति फलकहरु स्वदेश फर्किएका छन् । राजतीर्थमा पनि उमामहेश्वर मूर्ति फलक छ ।[७१] शिव र पार्वतीको वैवाहिक जीवनको प्रारम्भिक अवस्थाको झल्को यस मूर्तिफलकले दिएको देखिन्छ ।

राजतीर्थ क्षेत्रमा रहेको यस उमामहेश्वरको मूर्तिमा उमा ले पार्वतीको प्रतिनिधित्व गरेको पाइन्छ भने महेश्वरले भगवान शिवको प्रतिनिधित्व गरेको पाइन्छ । हिन्दु धर्ममा शिवलाई संहारकर्ताको रूपमा पनि लिने गरिन्छ । राजतीर्थमा रहेको उमामहेश्वरको मूर्तिमा शिवले गृहस्थ आश्रम सम्हाले पछिको सम्पूर्ण पारिवारिक झलक दर्शाइएको छ । उमा महेश्वरको मूर्ति (चित्र फलक संख्या १०) मा कुमार, नन्दी, सेवक, जय, विजय, र सेवीका रहेको छ । सृष्टि र गृहस्थआश्रमबारे महत्वपूर्ण शिक्षा उमामहेश्वरफलकले प्रदान गरेको छ । चार आश्रम ब्रह्मर्चय, गृहस्थ, वानप्स्थ, संन्यासमध्ये गृहस्थाश्रममा मानिसले नैराश्यता

[७१] ऐजन्, पृ. ५८-८६ ।

देखाएमा प्रकृतिको सृष्टि नै रोकिने भएकाले यो आश्रमप्रति धर्मशास्त्रहरुले बढी महत्व दिएको देखिन्छ । यसै कारण जोगी, सन्यासीको रुपमा प्रसिद्ध भैसकेका शिवले समेत गृहस्थाश्रममा बसेर नियम पालन गरेके तथ्य उमामहेश्वरको मूर्ति फलकबाट पाइन्छ ।[७२]

### ४.५ राजतीर्थ क्षेत्रका विभिन्न सांस्कृतिक सम्पदाहरु

राजतीर्थ क्षेत्रमा रहेका अन्य शिलालेख, ताम्रलेख, तथा अन्य महत्वका ऐतिहासिक वस्तुहरूलाई छोटकरीमा व्याख्या तथा विश्लेषण गर्ने प्रयास गरिएको छ । जसअन्तर्गत राजतीर्थ क्षेत्रमा रहेको कुवाको पानिको महत्व बारेमा जानकारी गराईको एउटा सूचना, राजतीर्थ क्षेत्रमा रहेका घाटका भकारी र ब्रह्म नाल, त्यस्तैगरी रामका खराउ, यहाँको कुवा, ढुङ्गेधारा र एउटा अत्यन्तै पूरानो तथा जीर्ण अवस्थामा रहेको शिलालेख रहेका छन् ।

**रामका खराउ**

रामका खराउ (चित्र फलक संख्या ११)को विशेष महत्व रहने गर्दछ । भगवान रामले आफू वनवास जाँदा एक जोर खराउ भाइ भरतलाई दिएका थिए । यस राजतीर्थ मन्दिरमा रामका एक जोर काठका खराउ रहेका छन् । यी खराउलाई फूल, अक्षता, चन्दन तथा अविरले पूजा गर्ने गरिन्छ भने खराउलाई तामाको थालीमा राखिएको छ ।

धार्मिक महत्व बोकेका रामका खराउको पूजा विशेष मानिन्छ । भक्तजनहरू यस खराउलाई सत्यको प्रतिकका रूपमा पूजा गर्ने गर्दछन् । विशेषगरी रामनवमीका दिन यस खराउको पूजा गर्नेहरूको घुइचो लाग्ने गर्दछ भने अन्य समयमा पनि तीर्थालुहरू तथा मन्दिरका पूजारीले दिनहुँ यी खराउको पूजा गर्ने गर्दछन् ।

[७२] ऐजन, पृ. ६९ ।

**घाटका भकारी**

घाटका भकारी (चित्र फलक संख्या १२) मा विभिन्न कार्यहरु र विविध संस्कार गरिन्छ । यहाँका भकारीको निर्माण गर्ने कार्य माथेमा परिवारले गरेका हुन । घाटको निर्माणको श्रेय सिताराम माथेमाका बाउ बाजेमा जाने गर्दछ उनीहरूले नै यहाँका घाटका भकारी सहित सम्पूर्ण घाटको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए ।[७३] यही भकारीको माथिल्लो भागमा लाशलाई जलाउने कार्य गरिन्थ्यो । बाग्मतीमा बाढी आएको बेला मानिसहरू भकारीको सिक्रि नदीको वहावबाट बच्नको लागि प्रयोग गर्दथे ।

राजतीर्थमा रहेका भकारी पनि महत्वपूर्ण सम्पदा हुन । एउटै व्यक्तिले निर्माण गरेका जस्ता देखिए पनि विभिन्न व्यक्तिहरुले दुई/तीनवटा भकारी गरेर सम्पूर्ण घाटक्षेत्रको निर्माण भएको छ । वास्तवमा पहिलेका मानिसहरु धर्मप्रति बढी सचेत थिए । त्यसबेला कानूनको काम समेत धर्मले नै गरेको थियो । मानिसहरु धर्मबाट एक पाइला बाहिर जान समेत डराउँथे । हिन्दुहरु जहिले पनि तीन जन्ममा विश्वास राख्दछन् । पूर्व जन्म, हालको जन्म र भविष्य जन्म । अहिलेको जन्मलाई पूर्व जन्मको कर्मको फल हो र अहिले गरेको पुण्य कार्यले नै पछिल्लो जन्ममा सुख शान्ति मिल्छ भन्ने विश्वासले मानिसहरु विभिन्न पुण्य कार्य गर्दछन् ।[७४]

राजतीर्थ क्षेत्रमा रहेको यस घाटका भकारीमा आज भन्दा करीव ६०-७० वर्ष पहिले लासहरू जलाइने गरिन्थ्यो भने अहीले आएर उक्त चलन हराएको छ ।[७५] यसै

---

[७३] नित्य राजतीर्थमा नुहाएर जल चढाउने र पूजा गर्ने वर्ष ५१ का श्याम सुन्दर बालय् बाट प्राप्त जानकारी ।

[७४] पूर्ववत्, (पाद टिप्पणी नं. १६), पृ ६१ ।

[७५] स्थानीय मोहनमान अमात्य, ७८ वर्षियबाट प्राप्त जानकारी अनुसार ।

सन्दर्भमा नदीले आफ्नो बाटो परिवर्तन गरेपछि यहाँ लाश जलाउन छाडेको कुरा एक अर्का स्थानीयवासी बताउँछन् ।[७६]

**बम्हनाल**

अन्तिम संस्कार गर्नुअघि ब्रह्मनालमा मृत मानिसलाई राखिन्छ जसमा मृत व्यक्तिका खुट्टा पानीमा छुवाएर राखिन्छ । त्यस पछि लासलाई भकारी माथि चितामा राखी दागबत्ती दिइन्छ । ब्रम्हनालमा सुताएर अन्तिम जल चढाउने हिन्दुहरुको परम्परा हो ।

पवित्र बाग्मतीको जलले रोगको निदान समेत गर्ने शक्ति भए अनुसार कतिपय विरामी, अस्वस्थ व्यक्तिहरु निको समेत भई घर फर्केका घटनाहरु समेत प्रकाशमा आएका छन् भने अन्त्य घडीमा पुगेका व्यक्तिहरुलाई बाग्मती किनाराघाटमा ढुङ्गाको निर्मीत उत्तर दक्षिण फर्काएर राखिएको ब्रम्हनालमा राखी त्यस्ता व्यक्तिको गोडा बाग्मतीको जलमा डुबाउँदा त्यस्ता व्यक्तिहरुको सहज रुपमा मृत्युहुन्छन् भन्ने विश्वास छ ।[७७] (चित्र फलक संख्या १६)

**राजतीर्थको निर्माण सम्बन्धी शिलालेख**

राजतीर्थ क्षेत्रमा रहेको राममन्दिरको निर्माण सम्बन्धी विवरण राखिएको यो अभिलेखमा स्थानीय बलराम भक्त माथेमाद्वारा यो मन्दिरको निर्माण गरिएको कुरा पाइन्छ ।

२०४० सालको रामनवमीका दिनमा स्थापित यस शिलालेख (चित्र फलक संख्या १३)मा मन्दिर जीर्ण भइसकेपछि कुनैपनि सज्जनले यसको मर्मत संभार गरि पूजा सञ्चालन गरेमा अनन्य पुण्य प्राप्त हुने कुरा उल्लिखित छ ।

---

[७६] स्थानीय मधुसुदन सुवेदी, ७० वर्षिय बाट प्रप्त जानकारी अनुसार ।

[७७] पूर्ववत्, (पाट टिप्पणी नं. ४५) पृ. ११-१२ ।

**कुवाको पछाडी भित्तामा रहेको शिलालेख**

राजतीर्थ क्षेत्रमा रहेको कुवाको ठीक पछाडी पूर्वतर्फ राजतीर्थको महत्व दर्शाइएको छ । उक्त लेखमा राजतीर्थको उत्पत्तिको विषयलाई स्पष्ट पार्न खोजिएको छ ।

कुवाको पछाडी राखिएको राजतीर्थको महत्व सम्बन्धी लेख (चित्र फलक संख्या १४) अनुसार राजतीर्थको महात्म्यको वर्णन पुराणमा समेत छ । सार्वजनिक हितको लागि राजतीर्थको निर्माण गरिएको उल्लेख छ । त्यस्तैगरि अर्कोकुरा यो राजतीर्थ भक्तजनहरूलाई धार्मिक सुविधाको लागि बनाइएको हो । राजतीर्थको सफाई गर्नु सबैको कर्तव्य रहेको कुरा पनि उक्त लेखबाट स्पष्ट देखिन्छ । तरपनि व्यवहारमा भने त्यस किसिमको परिपालना भएको पाइदैन । त्यस्तैगरी राजतीर्थ क्षेत्रमा रहको पुरानो ढुङ्गामा कुँदिएको लेखमा सबैलाई सचेत गराइएको व्यहोरा छ ।

राजतीर्थको कुवाको पानी खानको लागि समेत प्रयोग गर्ने गरेको तथ्य पनि उक्त लेखहरूबाट पुष्टि हुन्छ किनभने यसमा उल्लेख भए अनुसार यहाँका स्थानीयबासीले कुवाको पानी खानकै लागि प्रयोग गरेको स्पष्ट हुन्छ । तसर्थ, यस धार्मिक क्षेत्रमा मोटरसाइकल, साइकल, कुकुर तथा मानिस समेतले नुहाउने लुगा धुने कार्य नगर्न समेत यसमा उल्लेख छ । यद्यपि पछिल्लो समयमा अध्ययनकर्ताले यहाँको पानीलाई परीक्षण गराउँदा भने पानी पिउनयोग्य नभएको कुरा प्रमाणित भएको छ । यसको प्रमाणपत्र पनि अनुसूचीमा प्रस्तुत गरिएको छ ।[७८] पिउने पानीमा हुन नहुने रसायन थुप्रै छन् ।

**शिलालेख**

राजतीर्थ क्षेत्रमा रहेका शिलालेखहरूमध्येको सबैभन्दा पुरानो शिलालेख हो यो । यसमा लेखिएका र लिपि देवनागरी छ । यो शिलालेख पचलिघाट स्थित राजतीर्थ

[७८] शोधार्थीले कुवाको पानी प्रयोगशालामा परिक्षण गराएको प्रमाणपत्रमा आधारित ।

सत्तलमा छ । यसलाई राम्ररी पढन सक्ने अवस्था छैन । यो अभिलेख केदार भक्त माथेमाको सहयोगमा डा. पुष्पराम भक्त माथेमा मार्फत प्राप्त भएको हो । यो शीलालेख जसमा राजतीर्थको बारेमा वर्णन गरिएको छ । यो काठमाडौँ महानगरिपालिका पचलिघाट स्थित राजतीर्थ सतलमा रहेको छ । पचलीघाट त्रिपुरेश्वर बाग्मती नदीको किनारमा रहेको छ । त्रिपुरेश्वरमा १० वटा घाटहरु रहेका छन्: (क) टेकु दोभान घाट, २) मुन्सीघाट, ३) पञ्चनारी घाट, ४) हनुमान घाट, ५) कालीघाट, ६) काजीघाट, ७) पुरेतघाट, ८) चन्द्रघाट, ९) कालमोचन र (१०) पचलीघाटको वर्णन गरिएको छ ।[७९] (परिशिष्ट ख)

## ४.६ राजतीर्थको ढुङ्गेधारा

### ४.६.१ राजतीर्थ क्षेत्रमा रहेका ढुङ्गेधारा

ढुङ्गेधाराको निर्माण गर्दा स्रोत र पत्रिको शुद्धतालाई विशेष ध्यान पुऱ्याएर निर्माण गरिन्छ । काठमाडौँ उपत्यकामा स्थापित अधिकांश ढुङ्गेधारा भन्दा राजतीर्थको ढुङ्गेधाराको उद्देश्य फरक छ । टाढा रहेका पानीका स्रोतलाई कुलो मार्फत निश्चित क्षेत्रका पोखरी, भूमिगत जलाधारमा पानी भरेर संचालित ढुङ्गेधारा वा नजिकै अवस्थित कुवा, इनार, पोखरी, मूल वा प्राकृतिक जलाधारबाट प्रवाहित ढुङ्गेधारा प्राय सबै समतल क्षेत्रको जग्गामा गरिएको हुन्छ । राजतीर्थको ढुङ्गेधारा भने राज कुवाको पानी प्रवाह गर्न निर्माण गरिएको हो । राज तीर्थको कुवामै पानी घटदै गए पछि ढुङ्गेधारामा पानी सुकेको छ । वर्षायममा मात्रै यहाँको ढुङ्गेधाराबाट जल प्रवाह हुन्छ ।

राजतीर्थमा रहेको यो ढुङगेधारा मल्लकालमा निर्माण भएको हो । यस मन्दिरमा रहेको कुवाको पानी पहिले पहिले यही ढुङ्गेधाराबाट बग्ने गर्दथ्यो भने अहिले आएर कुवा पनि सुक्दै गएको अवस्था छ भने यो ढुङ्गेधारा पनि संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ । हालको अवस्थामा यस ढुङ्गेधारामा पानी आउँदैन ।

---

[७९] पूर्ववत, (पाट टिप्पणी नं. ४५), पृ. १० ।

वास्तुकलाका हिसावले यस ढुङ्गेधाराको मुख गोहीको जस्तो छ र त्यही मुखबाट पानी आउने गर्दथ्यो भन्ने विश्वास गरिन्थ्यो । ढुङ्गेधाराको दायाँ तथा बायाँतर्फ सिंढी पनि रहेको छ ।

पहिला बाग्मती नदी यही सिंढीहरू भन्दा तल बग्थ्यो भने अहिले बाग्मती नदी धेरै टाढा पुगेको छ भने यहाँ बाग्मती नदी बग्थ्यो भन्दा पनि विश्वासै गर्न गाह्रो हुने अवस्था छ । स्थानीयवासी उर्मिला श्रेष्ठका नुसार “पहिला पहिला यी सिंढीहरूमा पाँच सिंढी तल जान सकिँदैनथ्यो बाग्मतीले बगाउने डर हुन्थ्यो तर आजभोली त्यो सपना जस्तो लाग्छ”, बाग्मतीको स्वच्छ पानी अहिले प्रदुषित हुनु हामीहरुमा भएको चेतना र धार्मिक आस्थाको कमीको परिणाम हो ।

**राजतीर्थमा रहेको कुवा**

राजतीर्थ क्षेत्रमा एक मात्र कुवा रहेको छ । यहाँको पानीले स्नान गर्नाले घाउ, खटीरा, ज्वरो, कुष्टरोग, वाथ जस्ता रोगहरू निको हुने विश्वास गरिन्छ । अध्ययनकर्ताले यहाँको पानी खान योग्य भए नभएको सम्बन्धमा जाँच गराउँदा यहाँको पानी खानको लागि त्यति उपयुक्त देखिएन । राजतीर्थको पानीको काठमाडौँ उपत्यका खानेपानी लिमिटेडमा लगेर प्रयोगशालामा परिक्षण गराउँदाको प्रमाण पत्र परिशिष्ट (ग) मा प्रस्तुत गरिएको छ । त्यसमा निम्नानुसार विवरण पाइयो:

- पानी कडा छ ।
- Chloride र Total Ammonia अलि बढी देखिन्छ ।
- पानीलाई जिवाणु रहित बनाउनको लागि उमालेर पिउने वा १००० लिटर पानीमा १/२ चम्चा Bleaching Power मिसाउने ।

pH बढाउनको लागि १००० लिटर पानीमा २½ चम्चा जति खाने चुन (Lime) मिसाउने ।[८०] शिलामा नेपाल भाषा, अङ्ग्रेजी र नेपालीमा प्रष्टसँग

[८०] ज्ञानेन्द्र बहादुर कार्की, प्रयोगशाला विशेषज्ञ, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, कीर्तिपुर, काठमाडौ, मिति २०६९/१०/२६ ।

यहाँको पानी सेवन गर्नाले विभिन्न रोगहरु निको हुने दावी गरिएको छ । आज भन्दा १०-१२ वर्ष अगाडि सम्म कुवाको पानीमा विरेनुनको गन्ध आउँथ्यो ।[८१]

इट्टाहरूबाट बनाइएको यो कुवा मल्लकालीन समयमा निर्मित भएको बुझिन्छ । करिव २० फिट गहीरो यो कुवा अहिले जीर्ण अवस्थामा रहेको छ । तर पनि अन्य ठाउँका कुवाहरू सुक्दा समेत यो कुवामा पानी हुन्छ । यहाँको पानीले नुहाउँदा विभिन्न रोगहरू निको हुने विश्वास रहेको हुनाले तीर्थालुहरू यहाँको पानीले नुहाउने गर्दछन् ।[८२] स्थानीयहरू यहाँको पानी लिन बिहान ५ बजेदेखि ८ बजेसम्म लाइनमा बस्दछन् भने कुवाको पानी खोल्ने समय बिहान ५ देखि ८ बजेम्म रहेको छ (चित्र फलक संख्या २) । काठमाडौंको प्रायः सम्पूर्ण ठाउँको जस्तै उमालेर पिउनुपर्ने अथवा Bleaching Powder को प्रयोग गर्नुपर्ने अध्ययनबाट देखिएको छ ।[८३]

## ४.७ राजतीर्थको अवस्था र सुधारको आवश्यकता

हाल राजतीर्थ क्षेत्र जीर्ण हुँदै गइरहेको छ । यत्रतत्रबाट उत्पन्न हुने फोहोर फाल्ने ठाउँको रुपमा राजतीर्थको पार्क प्रयोग भइरहेको देखिन्छ । त्यसो त यसको अतिक्रमण पनि भइरहेको छ । हुतराम वैद्य भन्दछन्, “व्यक्तिगत मात्र होइन, संस्थागत अतिक्रमणरु पनि थुप्रै छन् । पचली पारीको राजतीर्थको बगरमा पार्क र फुटवल ग्राउण्ड बाग्मतीको माझमा आएर नयाँ घाटहरु बनाउनु, ढलहरु निरन्तर नदीहरुमा खसालिनु, घरहरु भत्काउँदा आउने बेकामी सामानले घाटका पेटीहरुमा थुपारेर अवरोध खडा गर्नु, पुलिस व्यारेकले बगरमा खेती गर्नु, नदी नतिक्रमणका विभिन्न कुरुप हुन्” । यसरी हालको अवस्थामा बाग्मती नदी मन्दिरबाट करिव १०० मिटर टाढा रहेको छ भने राजतीर्थको पार्क पनि प्रयोगमा आएको छैन ।

---

[८१] स्थानीय ६८ वर्षिय उर्मीला श्रेष्ठ सँग शोधार्थीको प्रश्न उत्तरमा ।

[८२] स्थानीय ७० वर्षिय मधुसुदन सुदेवीबाट प्राप्त जानकारी ।

[८३] शोधार्थिको स्थलगत अध्ययन र प्रयोगशाला परिक्षणको आधारमा ।

सरकारी स्तरबाट पनि नेपाली राष्ट्रिय संस्कृति तथा सम्पदा संरक्षणको लागि निम्नानुसारका दफाहरुमा उल्लेख गरिएको पाइन्छ :

क) देशका विभिन्न भागमा खासगरी नदी किनार, वेणी-त्रिवेणी, घाट, ताल तलैया, जंगल, हिमाल, पहाडका टाकुरा, पहरा, कन्दरा र गुफामा रहेका तीर्थस्थलहरुको विवरण तयार गरिनेछ ।

ख) तीर्थस्थलहरु कतिपय जाति र समुदायका साझा आस्था केन्द्रका रुपमा समेत रहेकाले यिनलाई सामाजिक सहिष्णुता र सद्भाव अभिवृद्धि गर्ने माध्यमका रुपमा संरक्षण गरी उचित व्यवस्थापन गरिनेछ ।

ग) तीर्थस्थल र सांस्कृति महत्वका स्थलहरुको परिचयात्मक विवरणको प्रचार प्रसार र जनचेतना अभिवृद्धिका माध्यमद्वारा संस्कृतिमा पर्यटनको विकासमा टेवा पुऱ्याइनेछ ।[८४]

राजतीर्थको वरपर फोहर र प्लाष्टिकको थुप्रो देखिन्छ । तसर्थ हालको अवस्थामा राजतीर्थ संरक्षण हुनु आवश्यक छ । हिन्दुहरुको पवित्र स्थल मन्दिर र नदिलाई लिइन्छ भने मन्दिर नदीको सरसफाई, संरक्षण र संवर्द्धन गर्नु सबैको कर्तव्य हो । राजतीर्थ क्षेत्र झनपछि झन जीर्ण अवस्थामा पुग्दै गएको छ । यसरी राजतीर्थ क्षेत्रको संरक्षण गर्न सके यसको महिमा बढने तथा आन्तरिक र वाह्य पर्यटकहरुको आवागमनमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

राजतीर्थको महिमा उजागर गर्दै प्रचार प्रसार गर्न सकेमा यस क्षेत्रको भौतिक विकास संगै व्यक्तिहरुको स्वास्थ्यमा केही सुधार आउन लाग्थ्यो । स्थानिय निकायलाई आर्थिक लाभ पनि हुन लाग्थ्यो । आजसम्म पनि पानीको राम्रो स्रोत भएको राजतीर्थको उचित ढंगले प्रयोग र संरक्षण आवश्यक छ ।

[८४] नेपाल सरकार, राष्ट्रिय संस्कृति नीति, २०६७, पेज १५ ।

# पाँचौ अध्याय

# राजतीर्थमा गरिने संस्कारहरू

धार्मिक भावनाले प्रेरित भएर पूजा, पाठ, प्रार्थना गर्न जाने स्थललाई धार्मिक स्थल भनिन्छ । यस स्थललाई तीर्थस्थल पनि भनिन्छ । यस्ता स्थलहरूमध्ये केहीलाई पवित्र स्थल मानेको छ । जसरी मानिसको शरीरमा मस्तिष्क अरुभन्दा अपेक्षाकृत महत्वपूर्ण मानिन्छ । त्यसरी नै पृथ्वीमा केही विशेष स्थानलाई पवित्र र त्यसमा पनि केहीलाई अझ विशेष पवित्र मानिन्छ । जसबाट मानिसहरू आफ्नो जन्म-जन्मान्तरको वातावरण र त्यस तीर्थको वासस्थलको पावन भूमिमा हुने महात्माहरूको दर्शन एवं सत्सङ्गले मानिसको जीवनमा नैतिक एवं आध्यात्मिक प्रेरणा जगाउँछ त्यसैले त्यस्ता स्थल (पवित्र जलाशय एवं नदीहरूमा स्नान, मठ, मन्दिर, गुफा) मा जाने गर्दछन् ।[८५]

नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक देश हो । यहाँ विभिन्न भाषा बोल्ने मानिसहरू छन् । विभिन्न धर्म मान्ने मानिसहरू छन् । यहाँ मानिसहरूको सांस्कृतिक परम्परा पनि फरक फरक छ । विभिन्न जात धर्मले गर्दा विविध परम्परा रही आएको छ । त्यही अनुसार धार्मिक स्थलको निर्माण भएको छ । धार्मिक दृष्टिकोणबाट नेपाल पुण्यभूमि मानिन्छ । महत्वपूर्ण ऐतिहासिक तथा धार्मिक स्थलहरूमा श्री पशुपतिनाथ, मुक्तिनाथ, गोसाइकुण्ड, मनकामना, गोरखकालि, लुम्बिनी, विन्धवासिनी, स्वर्गद्वारी, दोलखाको भीमेश्वर, सुर्खेतको कांक्रेविहार, स्वयम्भुनाथ आदि छन् । जुन स्थलमा समय समयमा मेला पर्वहरू लाग्ने गर्छन् । धार्मिक स्थलहरूमा चाडपर्व अनुसार मेला लाग्ने गर्दछ । नेपालमा विभिन्न प्रकारका चाडपर्वहरू मनाउने गरिन्छ । ती पर्वहरू धर्म अनुसार, जात अनुसार मनाउने

---

[८५] जगमान गुरुङ, **नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रसवण क्षेत्रमा तीर्थस्थलहरुको विश्लेषणात्मक अध्ययन**, (काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०६१), पृष्ठ १ ।

गरिएको पाइन्छ । दसैँ, तिहार, तीज, ल्होसार, छठ पर्व, जनै पूर्णिमा, नागपञ्चमी, चैते दसैँ, माघे संक्रान्ति, ठूलो एकादशी आदि पर्वहरू छन् ।[८६] यिनै पर्वको आधारमा धार्मिक स्थलको महत्वको जानकारी हुन्छ ।

यस पवित्र स्थलमा नेपालबाट मात्र नभई विदेशबाट दर्शनको निमित्त भक्तजनहरू आउने गरेको पाइन्छ ।

## ५.१ राजतीर्थमा हुने क्रियाकलापहरू

### नित्यपूजा

राजतीर्थको राममन्दीरमा दैनिक रूपमा नित्यपूजा र आरति गर्ने गरिन्छ । यस्तो पूजा संचालनको लागि पहिले यहाँ गुठीको व्यवस्था गरिएको थियो भने हाल गुठी संचालनमा रहेको छैन तापनि यहाँका पुजारीले नित्यपूजा संचालन गरिरहेका छन् । मन्दीरमा प्राप्त हुने दान, भेटीबाट यहाँको नित्युपूजा संचालन भइरहेको छ । तर मन्दिरका पुजारी मेघनाथ घिमिरे (वर्ष ४५) ले भने यो रकम निकै कम भएको र पूजा चलाउन हम्मे हम्मे परिरहेको वताउँछन् । उनी २०५३ साल जेठ देखि राममन्दिरको पूजारी हुनुहुन्छ । विशेषगरी राजतीर्थमा रहेको राममन्दिरभित्र यस्तो पूजा गर्ने गरिन्छ । यहाँ वर्षको दुई पटक चैत्र रामनवमी र बढादैशमा महायज्ञ लगाइन्छ ।[८७]

राजतीर्थ क्षेत्रमा शिवलिङ्गहरू धेरै छन् । यसो हुनाको कारण र शिव भक्तजनहरूलाई शिवलिंगमा जल चढाउन सजिलो र छिटो होस भन्ने हेतुले हो तरपनि यहाँका सबै शिवलिङगहरू एकै नभएको हुनाले प्रत्येकको महत्व छुट्टाछुट्टै छ ।

---

[८६] विष्णु सापकोटा, **नेपालको चाडपर्वमा छठ पर्व,** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०६०), पृष्ठ ९-१० ।

[८७] शंकर महतो वर्ष २५, राममन्दीरका पुजारीबाट प्राप्त जानकारी ।

नित्यपूजा भन्नाले सधैं प्रातःकालमा वा मध्याहन्नमा गरिने पूजा भन्ने बुझिन्छ । कुनै पनि मन्दिरमा नित्यपूजा गर्नु अपरिहार्य मानिन्छ । सबैजसो मन्दिरको यसको व्यवस्था पनि गरिएको हुन्छ । यसरी नित्यपूजा गर्नुको पनि आफ्नै महत्व रहेको हुन्छ । विशेषगरी नित्यपूजा गर्नाले यहाँका देवदेवीहरू प्रशन्न हुने र हरपल भक्तजनको मनोकामना पूजा गर्न जागृत अवस्थामा रहन्छन् भन्ने विश्वास गरिन्छ । राजतीर्थमा हुने नित्यपूजाविधि निम्नानुसार रहेको छ ।

राजतीर्थको राममन्दिरमा बिहान ५:३० बजेदेखि ६:३० बजेको बीचमा बिहानको पूजा गर्ने चलन छ । सर्वप्रथम पुजारीले नुवाई धुवाई चोखो वस्त्र पहिरिएर मन्दिरमा प्रवेश गर्दछन् । यस मन्दिर संरक्षण तथा रेखदेखको लागि बसिरहेकी एक महिलाले गर्भगृह सफा सुग्घर गर्ने, पूजाका भाँडा सफा गर्ने, चन्दन घोटने लगायतका कार्य गर्दछिन् । पूजाको क्रममा गाइको दुध, चोखो जल, अबिर, केशरी, कुश, जौं, तिल, तुलसीपत्र, श्रीखण्ड फूल आदिको प्रयोग गरिन्छ । पूजा गर्दा शंख बजाउने, घण्ट बजाउने तथा दियो बाल्ने गरिन्छ । गर्भगृहको नारायणको पूजा पश्चात पुजारीले बाहिर निस्की सूर्य नारायणतिर फर्की पूजा गर्दछन् । बाहिर प्राङ्गणमा भएका मूर्ति तथा लिङ्गहरूमा पनि पूजारीले नै पूजा गरी चन्दन अक्षता फूल चढाई पूजा समाप्त गर्दछन् । बाह्रै महिनामा एक एक गते पूर्णिमाका दिन नारायण मन्दिर भित्र विशेष पूजा र भजन किर्तन हुन्छ ।[८८]

## पर्व पूजाहरू

### वैशाख पूर्णिमा

वैशाखको पूर्तिमामा वायुको पूजा गर्ने भएकोले यसलाई वायुपूजा पनि भन्दछन् । यहाँ मरेका पूर्खा पितृहरूको थान बनाई पूजा गर्ने परम्परा छ । यसलाई वायु भन्दछन् । कसैले वर्षमा दुई पटक कसैले एकपटक वायु पूजा गर्दछन् । वायू पूजा गर्दा पुरुष वायुलाई भाले र महिलावायु भए पोथी कुखुरा बली चढाउँछन् । यो

[८८] नारायण मन्दिरका पुजारी मेघनाथ घिमिरे (वर्ष ४६) बाट प्राप्त जानकारी र प्रत्यक्ष अवलोकन ।

पूजाको प्रसाद कुनैपनि जातजातिले खानहुन्छ । यसलाई अन्य पितृकार्यको जस्तो प्रसाद मान्दैनन् । वायुको माटोको धुपौरो, पानस, घन्टी सफा गर्दछन् । अक्षेता, कपडा फेर्दछन् । यो पूजा गर्दा पूर्खा पितृहरू खुशी हुन्छन् भने घरमा कुनै दुःख विरामी हुँदैन अन्न पानकिो सह हुन्छ, शुभ हुन्छ भन्ने स्थानीयको विश्वास रहेको छ । यो पूजामा चेलीबेटी, ज्वाइँचेला बोलाइन्छ । कसैकसैले खानपिन गराई टिका लगाई दक्षिणा दिने पनि गर्दछन् ।

## कार्तिक पूर्णिमा

यस अवसरमा हनुमानको जन्मदीनको उपलक्ष्यमा नौ दिनसम्म अखण्ड नवाह लगाइन्छ भने स्थानीय भक्तजनहरू उक्त अवसरमा उल्लेख्य मात्रामा सहभागिता जनाउँदछन् । पूर्णिमाको अवसरमा ६ जना महात्माले २-२ घण्टा हवन गर्ने र ११ जना महात्माले भजन सञ्चालन गर्ने गर्दछन् ।[८९] यस अवसरमा विभिन्न ठाउँबाट बाबाहरूलाई ल्याएर होम गर्न लगाएर नवाह समाप्त गरिन्छ ।

## साउने संक्रान्ति

धर्मशास्त्रका अनुसार हरेक संक्रान्ति पर्व दिन मानिन्छन् र यी दिनहरुमा बिहानै उठी नुहाउने, जप, ध्यान, पूजा र दान गर्ने विधानको उल्लेख शास्त्रमा छ । साउन महिनाको संक्रान्ति भएकाले यस दिनलाई साउने संक्रान्ति भनिएको हो । यस दिनलाई सूर्य कर्कट राशिमा भएकाले कर्कट संक्रान्ति र साउन महिनाको १ गते भएको हुँदा साउने संक्रान्ति भनिन्छ ।

नेपाल अधिराज्यको विभिन्न स्थानमा जस्तै साउने संक्रान्तिको अवसरमा यहाँ विशेष पूजा गर्ने गरिन्छ । यो नेपालीहरूको महान चाड भएको हुनाले पनि यहाँको मन्दीरमा भजन कीर्तन गरी ब्रत बस्नेहरू रामगान गाउँदै बस्दछन् । विभिन्न

[८९] नारायण मन्दिरका पुजारी मेघनाथ घिमिरे (वर्ष ४६) बाट प्राप्त जानकारी अनुसार ।

समयमा माथेमाहरूले १०८ जना ब्राह्मणहरूलाई यस अवसरमा दान दक्षिण र भोजन गराउँदै आएका छन् ।[९०]

## माघे संक्रान्ति

माघे संक्रान्तिको अवसरमा यहाँ विशेष किसिमको पूजा गर्ने गरिन्छ । यो नेपालीहरूको महान चाड भएको हुनाले पनि यहाँको मन्दीरमा भजन कीर्तन गरी ब्रत बस्नेहरू रामगान गाउँदै बस्दछन् । यो चाड कन्दमूलसमेत खाने भएकोले मसान्तको दिन बेलुका तरुल, सखरखण्ड, पिडालु, उसिन्छन्, तीलको लडडु खाने प्रचलन छ । दिनभरी नै केही नखाई भजन कीर्तनमा नै व्यस्त हुने हुनाले भक्तजनहरू निकै भक्तीभावमा लागेको पाइन्छ । भजन साथसाथै चुडकाहरूमा नाच्ने र भगवानलाई खुशी बनाउँदै माघे सक्रान्ति पर्व मनाइन्छ ।

## श्री कृष्ण जन्माअष्टमी

श्रीकृष्ण जन्माष्टमीको अवसरमा पनि यस मन्दीरमा भव्यताका साथ पूजाआजा तथा भजन कीर्तन गर्ने गरिन्छ । विशेषतः भगवान श्रीकृष्णको जन्मदिनको रूपमा यस पर्वलाई मनाइने गरिन्छ । सो अवसरमा भगवान श्रीकृष्णको भजन कीर्तन र नाचगान गर्ने गरिन्छ । यस्तो भजन कीर्तन तथा नाचगानको एकमात्र उद्देश्य भगवान श्रीकृष्णलाई सम्झेर निष्काम कर्म गर्ने प्रेरणा प्राप्त गर्ने आव्हान गरिन्छ । साथै यहाँ गीता, हरिवंश, भागवत पाठ गरिन्छ ।

शास्त्रीय पूजा विधि अनुसार यो ब्रत महिला तथा पुरुष दुवैले लिने गरेको पाइन्छ । यस दिन ब्रतालुहरू बिहान सवेरै उठी खोलामा वा घरमै स्नान गरी चोखो लुगा लगाई नित्य कर्म सकेर ब्रत बस्ने संकल्प गरी दिनभर केही नखाई पूजाको सामान ठिक्क पारी मण्डपमा बसी विभिन्न मन्त्र पढ्दै भगवान श्रीकृष्णको पूजा गर्ने गरिन्छ । यसरी ब्रत लिनाले मनुष्यले यस लोकमा चिताएका सबै काम पूरा हुन्छन र त्यो मरेपछि विष्णुलोकमा जान्छ भन्ने धारणा छ । तर आजभोली यो चलन

[९०] श्री श्री १००८ कृष्ण दास त्यागीबाट प्राप्त जानकारी अनुसार ।

बदलिएर भजन किर्तन गरी बस्नेहरू धेरै पाइन्छन् । यसै सन्दर्भमा श्रीकृष्ण जन्माष्टमीको अवसरमा राजतीर्थमा पनि भव्य रूपमा भजन कीर्तन हुने गर्दछ (चित्र फलक संख्या १७) ।

### रामनवमी

राजा अज र इन्दुमतीका छोरा दशरथ पुत्र हुन राम । मिथिलाका राजा शिरध्वव जनकको छोरी सीतासँग रामको विवाह भएको थियो । रामको पितृ भक्ति, विभिन्न राक्षसहरुको संहार र समान न्याय व्यवस्थाको वर्णन रामायण र महाभारत छ ।

श्री राम विष्णु भगवानका अवतार हुन् । विष्णुका विभिन्न अवतार मध्ये दशरथ पुत्र रामको विशेष महत्व छ । रामनवमीका अवसरमा यस तीर्थमा जनकपुरबाट बाबाहरू समेत आउने गर्दछन् भने उनीहरूले १०८ गाग्री सहित राजतीर्थको दर्शन गरिन्छ । (चित्र फलक संख्या २२) रामनवमीको अवसरमा यहाँ महायज्ञ लगाइने गर्दछन् भने वार्षिक रूपमा दुईपटक यस्ता यज्ञहरू सञ्चालन हुन्छन । त्यस्तैगरी अर्को महायज्ञ विजयदशमीको बेला लगाइने गरिन्छ । यस अवसरमा भजन कीर्तन गर्दा १० दिनसम्म केहीपनि नखाइकन श्री श्री १००८ रामदयाल शरणले उपासन गर्दै आउनु भएको छ । यस अवसरमा जनकपुरबाट १२१ जना महात्मा यहाँ आउने पनि गर्दछन् ।[९१]

## ५.२ राजतीर्थमा हुने प्रमुख संस्कारहरू

### श्राद्ध

श्राद्ध शब्द श्रद्धा शब्दबाट बनेको हो ।[९२] सम्पूर्ण नदिहरु पवित्र मानिन्छन् । हिन्दुहरुको सम्पूर्ण संस्कार नदी तटमा गर्न सकिन्छ । मानव जीवनको अन्तिम

---

[९१] नारायण मन्दिरका पुजारी मेघनाथ घिमिरे (वर्ष ४६) बाट प्राप्त जानकारी अनुसार ।

[९२] पाण्डुरङ्ग वामन काणे, **धर्मशास्त्रको इतिहास** तृतीय भाग, (लखनउः सच्चिदानन्द पाठक, चतुर्थ संस्करण, २००३), पृ. ११९६ ।

अवस्थामा र मृत्यु पश्चान पनि मृत आत्माका लागि गरिने श्रद्धा कार्यलाई मृत्यु संस्कार भनिन्छ । मानव जातिको अन्तिम अवस्थामा मृत्यु नै हो । जन्मे पछि जुनसुकै प्राणीको मरण निश्चय नै हुन्छ । मानिस एक सामाजिक प्राणी भएको हुँदा मृत्यु पश्चात विभिन्न संस्कार गर्ने परम्परा अझैसम्म यथावत रहकै छ । मृत्यु संस्कारलाई अन्त्येष्टि कार्य पनि भनिन्छ । मृत्यु संस्कारलाई एक महत्वपूर्ण सामाजिक सांस्कृति संस्कारको रूपमा विश्वास लिइन्छ । मृत्यु संस्कारलाई राम्ररी विधि विधान अनुसार नगरे भुत प्रेत पिचास वायु आदि बनी मृतआत्माले परिवारका सदस्यहरूलाई दुःख दिने सताउने विश्वास हिन्दुहरूमा रहेको छ । यस संस्कारको मुख्य उद्देश्य मृतक व्यक्तिको नाम जपि बैकुण्ठको वास होस् तिमीले आफ्ना सन्तान तथा वरपर दुःख झनझट नदेउ, आफ्नो ठाउँमा जाउँ तिमीलाई परमेश्वरले सुख दिउन भनी पुकार गरिन्छ (चित्र फलक संख्या २१) । मृतात्मालाई फकाई फुलाई विदा गर्नुपर्छ नत्र मृतात्मा घुमिरहने हुँदा तर्साउने गर्छन दुःख दिन्छ भन्ने मान्यता पनि रहेको छ ।[९३]

**ब्रतबन्ध**

बालक जन्मेपछिको ५ वर्ष देखि गरिने संस्कार ब्रतबन्ध हो । हिन्दु संस्कारमा यस अवसरमा बालकको कपाल खौरेर पण्डितद्वारा यज्ञोभक्ति लगाई ऊ अब आफै केही गर्न सक्ने र गुरुलाई समेत जीवनभर पाल्ने प्रतिज्ञा गराइन्छ । यसरी कपाल कटाउने कार्य सामान्यतया मामा तथा काकाहरुबाट गर्ने चलन छ । बालकलाई विधिविधानपूर्ण तरिकाले भिक्षु बनाई उसलाई गाउँ डुल्न पठाउने र केही ल्याएर गुरुलाई दिनुपर्ने हुन्छ । तर यसरी वरपर डुल्न जाँदा खोला कटेर भने जानु हुँदैन यदि जान लागेमा काका र मामाहरुले उसलाई फर्काउनु पर्ने हुन्छ । हिन्दु संस्कारअनुसार यदि खोला काटेर गएमा ऊ घर फर्किदैन भन्ने विश्वास पनि रहेको छ ।

[९३] श्राद्ध गरिरहेका व्यक्ति रमेश ढुङ्गेल (वर्ष ६०) सँग गरिएको कुराकानी अनुसार ।

यस प्रकार परम्परागत रूपमा संस्कार विशेषत हिन्दु  धर्म वाट नै निर्देशित रहेको पाइन्छ । तापनि गाउँमा रहनेले यदाकदा यो कर्म सरल तरिकाबाट औपचारिकतालाई मात्र गरेको पाइन्छ । तर हाल आधुनिकताको प्रभावका कारण यो कर्म गर्ने चलन हराउदै गएको पाइन्छ । राजतीर्थमा ब्रतबन्ध संस्कार सम्पन्न गरेर भोज खुवाउने चलन पनि छ । भोज खुवाउँदा विभिन्न क्याटरिङ्गहरुले सेवा पुऱ्याउँदै आएका छन् ।

**मृत्यु संस्कार**

राजतीर्थ क्षेत्रको घाटमा मृत्यु संस्कार गरिन्छ । हिन्दुहरु पूर्व जन्म, कर्म र पाप पूण्यमा विश्वास गर्दछन् । त्यसैले मुत्यु संकार राम्रोसँग विधि पुऱ्याएर गरिएन भने मृतक आत्मा, वायु, भूत र पिसाच बनि आफ्ना परिवारलाई दुख दिन्छ भन्ने विश्वास गरिन्छ । मान्छे मरे पनि उसको आत्मालाई मुक्ति दिनका लागि सबभन्दा पहिले दाजुभाई बोलाइन्छ । त्यसपछि लाशलाई हरियो बाँसमा बाँधिन्छ र सेतो कपडा वा कात्रो ओडाइन्छ र त्यसपछि लासको टाउको पट्टि र खुट्टा पट्टि अन्य व्यक्तिहरूले वा छोराहरूले बोक्दछन् । लास लग्दा बाटोभरी भुटेको धान (लावा) र पैसा छर्दै लान्छन् । घाटमा लास पुऱ्याए पछि दाउराको चित्तामा सुताइन्छ । जेठो छोराले दागबत्ति दिन्छ र लास जलाईन्छ । मृतकका छोराहरू सबैले कपाल खौरने र नुहाउने काम त्यही गर्दछन् । मलामी गएका र छोएकाले पनि नुहाउँछन् । त्यसपछि मृत्यु भएको १० दिनसम्म कोरा बारेर मृतकका छोरा वा छोरा नभए दाजुभाइले क्रिया बस्ने  गर्दछन् । ११ औं दिनमा मृतक आत्मालाई कुनै कष्ट नहोस भनेर पुरोहितलाई दान गर्दछन् । १२ औं वा १३ औं दिनमा भने होम-होमादि गरि चोखिने हुँदा यसदिन आफ्ना इष्टमित्र लगायत मलामीलाई बोलाएर किरियाको अन्य गरी राजतीर्थको पानीले नै चोखिने गर्दछन् ।

अमात्य वंशावलीमा उल्लेख भए अनुसार कुपण्डोलका अमात्यहरु त्यहाँ नुहाउन जाँदा एक व्यक्ति सर्पले डसेर मरेकोले कुपण्डोल छाडी झोंसेमा बसाई सरेको र पछि अमात्य थर छोडी श्रेष्ठ लेख्न थालेको उल्लेख छ । त्यसैगरी झोंसेका

श्रेष्ठ जुन अमात्यबाट श्रेष्ठ भएकाहरुको मृत्यु संस्कारको १० दिनमा चोख्याउन त्यसै राजतीर्थ कुण्डको पानी नै चाहिने त्यही कुण्डको पानीले चोख्याउने चलन छ ।[९४]

सामान्यतया केहि वर्ष अगाडि सम्म हिन्दुहरूका पुरोहित ज्वाई वा भानिज नै हुन्थे । काज क्रिया सकिएपछि पनि बर्खि बार्नुपर्ने चलन हिन्दु संस्कारमा रहेको हुनाले एक वर्षसम्म बर्खी बारीन्छ भने जब वर्ष दिन हुन्छ त्यसपछि बर्खि फुकाउँदा वर्षदिनको श्राद्ध गरिन्छ र सेतो लुगा फुकालेर अन्य रंगको कपडा लगाउँछन् । त्यसपछि पुरोहितद्वारा क्रमशः होम गरी चोख्याउने र शुद्ध पार्ने काम हुन्छ र अन्त्यमा बोलाइएका सम्पूर्ण आफन्तहरूलाई प्रसाद वितरण गरिन्छ ।[९५]

## किरियापुत्री घर

राजतीर्थमा किरियापुत्री बस्नको लागि घरको व्यवस्था गरिएको छ । यहाँ समय समयमा किरियापुत्री बस्दछन् ।[९६] किरियापुत्री बस्दा किरीया बसेको अरु कसैसँग नछोइएकन १३ दिनसम्म बस्नुपर्ने हुन्छ । किरिया बस्दा दस्तुरको रुपमा रु. २००० राजतीर्थमा तिर्नु पर्दछ ।

## योग अभ्यास

योग शारीरिक, मानसिक र आध्यात्मिक शान्ति प्राप्तिको लागि गरिने अभ्यास हो । योगले मानिसको शारीरिक र मानसिक लगायत आध्यात्मिक चेतना र अभ्यासलाई तिखार्ने कार्य गर्दछ । योगलाई चित्त वृति निरोध पनि भन्ने गरिन्छ । योगको मुख्य उद्देश्य स्वस्थ शरीर, मनपश्चात मोक्ष प्राप्त गर्नु हो । राजतीर्थमा योग समेत सिकाउने गरिन्छ । यस्तो योग सिकाउनको लागि योग सम्बन्धी गुरु ४५

---

[९४] मन्जु श्रेष्ठ, संस्कृति विभाग, पद्मकन्या बहुमुखी क्याम्पस बागबजारबाट प्राप्त जानकारी ।

[९५] पण्डित मेघथान घिमिरेबाट प्राप्त जानकारी अनुसार ।

[९६] स्थलगत अध्ययन, २०७० ।

वर्षिय परमानन्द भण्डारी बालाजुबाट आउने गर्नुहुन्छ । उहाँले विहान ५ बजेदेखि ७ बजेसम्म यहाँ दैनिक रूपमा योगा सिकाउनुहुन्छ (चित्र फलक संख्या २३) ।

पवित्र तीर्थस्थल राजतीर्थमा विभिन्न अवसरमा गरिने क्रियाकलापहरुलाई हेर्दा यहाँ रहेक वर्ष ठूलासाना चाडपर्वहरुमा भजन कीर्तन गर्ने, होम होमादी, ब्रतबन्ध, मृत्यु संस्कार, किरीयापुत्री बस्ने तथा दैनिक रुपमा नित्यपूजा गर्ने गरिन्छ । समग्रमा राजतीर्थमा अहिले पनि परम्परागत रुपमा गरिदै आएका पूजाआजाहरु चलिरहेका छन् । यसका अलावा अहिले राजतीर्थमा योग अभ्यास समेत सिकाइन्छ । समग्रमा हेर्दा राजतीर्थको पानीको महत्व जती छ त्यती नै यहाँ सम्पन्न हुने क्रियाकलापहरुको पनि रहेको छ ।

# छैटौं अध्याय

# सारांश तथा निष्कर्ष

राजतीर्थ क्षेत्रमा विभिन्न धार्मिक, सांस्कृतिक कार्यहरु भए पनि संरक्षणको अभावमा भौतिक संरचना जीर्ण बन्दै छ । यहाँ हुने धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु पनि विस्तारै कम हुँदै गइरहेको पाइन्छ । यसो हुनुमा अहिलेको युवा पुस्ताहरुको धर्म संस्कृतिक प्रति आस्था नहुनु नै हो । त्यसो त राजतीर्थ क्षेत्र अतिक्रमण हुँदै गइरहेको र राजतीर्थ नजिकै फोहोर फाल्ने ठाउँ जस्तो देखिन्छ । तसर्थ स्थानीय स्तरबाट नै यसको संरक्षण र संवर्द्धनको लागि लाग्नुपर्ने देखिन्छ । अध्ययन अनुसन्धानबट पत्ता लगाईएका सारांश तथा अध्ययनको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश

नेपालको सांस्कृतिक सम्पदाहरूको आधार नै हाम्रा अनगिन्ती स्मारकहरू, परम्परा र चाडपर्वहरू हुन् जसले नेपाल र नेपाली हुनुमा गौरवान्वित बनाएका छन् । यी सम्पदाहरूले विश्वसामु हामीलाई परिचित गराएका छन् ।

नेपाली संस्कृतिको विशिष्टता नै धर्म कला र वास्तुकलामा आधारित छ । कला र धर्म एक अर्कामा परिपुरक रूपमा भएता पनि यिनीहरूको छुट्टाछुट्टै विधा छन् । धार्मिक पृष्ठभूमिमा हाम्रो कला विकास हुदै आएको पाइन्छ । पश्चिमी मुलुकहरूको कलामा लौकिकपना पाइन्छ । बाह्य सुन्दरतालाई महत्व दिएर कलामार्फत प्रस्फुटन गरिएको पाइन्छ । नेपाली कलाकारले धार्मिक विषयवस्तुलाई महत्व दिएर कलाकृति बनाउने परम्परा प्राचीनसमय देखि हालसम्म निरन्तर छ ।

प्रस्तुत अध्ययन “कुपण्डोल गुसिंगाल स्थित राजतीर्थको सांस्कृतिक अध्ययन” पनि उपत्यकाका सांस्कृतिक सम्पदाहरू स्थलहरूमध्ये एक महत्वपूर्ण स्थल मानिन्छ । यहाँको धार्मिक, सांस्कृतिक तथा वैज्ञानिक महत्व बढाएका छन । यस स्थलमा विभिन्न समयमा गरिने संस्कारहरू र पर्वहरू र उत्सवहरूको साथै यहाँ रहेको

कुवाको जलको विशेष महत्व रहेको छ जसले सांस्कृतिक संरक्षण र परम्परालाई निरन्तरता समेत दिएको छ ।

यस स्थलको ऐतिहासिक महत्व त्यति नभएता पनि सांस्कृतिक दृष्टिकोणबाट यस स्थलको महत्वमा प्रकाश पारिएको छ । यस राजतीर्थ क्षेत्र र यसको आसपासमा रहेको राजतीर्थ पार्क र टेकु पचलीमा रहेका विभिन्न स्मारकहरूले महत्व राख्दछन्  भने सँगसँगै यहाँ सम्पन्न गरिने विभिन्न संस्कारहरू र चाडपर्वहरूले नेपालीपनलाई उजागर पार्दछन । यस रहेको रामजानकी मन्दिरमा दैनिक रूपमा गरिने नित्यपूजा, पूजासामग्रीहरू मन्दिर सँगै सम्वन्धित पर्वहरू आदिले मन्दिरको महत्व बढाएको छ ।

यो स्थल काठमाडौं उपत्यकाको मुटुमा भएतापनि संरक्षण र सम्बर्द्धनमा पछाडि परेको देखिन्छ । यहाँ मन्दिरमात्र नभएर आसपासका विभिन्न स्मारकहरूलाई उचित रूपमा सम्बन्धित पक्षहरूले संरक्षणमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

प्रस्तुत अध्ययनले मूर्त र अमूर्त दुवै दृष्टिकोणबाट अध्ययन र विश्लेषण गर्दै यस स्थलको सांस्कृतिक महत्वलाई उजागर पारेको छ । यस अध्ययनबाट यस अध्ययनको क्षेत्रसँग सम्बन्धित अन्य सांस्कृतिक स्थलहरू अध्ययन गर्न र महत्वमाथि प्रकाश पार्न सहयोग पुऱ्याएको छ ।

- राजतीर्थमा रहेका सूर्यमूर्ति, नारायणको मूर्ति, शिवलिङ्ग, बूद्धमुर्ति, हनुमान मूर्ति, र उमामहेश्वरको मूर्ति ले राजतीर्थ एक धार्मिक धरोहर हो भन्ने कुरा प्रष्ट हुन्छ ।  राजतीर्थ एउटा धार्मिक तीर्थस्थल भएको कारणले पनि यसको महिमा तथा महत्व अझ बढेको छ । राजतीर्थको जलको पनि त्यस्तै महत्व रहेको छ जुन जलले स्नान गर्दा शरीरका विभिन्न रोगहरु निको हुने विश्वास छ ।

- राजतीर्थमा हुने विभिन्न संस्कारहरुले नेपाली समाजको सांस्कृतिक पक्षको प्रतिनिधित्व गरेको छ ।

## ६.२ निष्कर्ष

राजतीर्थको सांस्कृतिक, सामाजिक र ऐतिहासिक महत्व माथि प्रकाश पार्नमा यो अध्ययन केन्द्रित छ । यो स्थल नेपालको एक महत्वपूर्ण धार्मिक र सांस्कृतिकस्थल भएको हुनाले यसको महत्व उजागर गर्नुपर्ने देखिन्छ । यस अध्ययनका निष्कर्षहरु निम्न रूपमा छन् :

- ओझेलमा रहेको राजतीर्थ क्षेत्रको अनुसन्धानात्मक अध्ययनको अझै आवश्यकता छ ।
- प्राचीन इतिहास र यस स्थलको महत्व बीचको सम्बन्ध विस्तार गर्नुपर्दछ ।
- मुख्य मन्दिरको आधिकारिकतालाई प्रस्टाउनु पर्दछ ।
- यहाँको राममन्दिरलाई व्यवस्थित तरिकाले संचालन गर्नु पर्ने आवश्यकता छ ।
- मन्दिरसँगै सम्बन्धित संस्कारहरू चाड, पर्वहरू र अन्य उत्सवहरूलाई व्यवस्थित तरिकाले संचालन गरिनुपर्छ ।
- राजतीर्थ पार्क, रामजानकी मन्दीर र कुवाको उचित संरक्षण हुनु पर्दछ ।
- जीर्णोद्वार कार्यमा सम्बन्धित व्यक्तिहरू, संस्कृति मन्त्रालय भएका विभिन्न सांस्कृतिक कार्यहरू (पूजा, संस्कार, पर्वहरू) लाई अभिलेखिकरण गरी यिनीहरूको महत्व बढाउनु पर्दछ ।

अन्तमा, प्रस्तुत अध्ययन “कुपण्डोल गुसिंगाल स्थित राजतीर्थको सांस्कृतिक अध्ययन” बाट यस स्थलको विविध धार्मिक तथा सांस्कृतिक पक्षहरूलाई सकेसम्म केन्द्रित रही विश्लेषण गर्दै सांस्कृतिक महत्वलाई बढाइएको छ ।

# चित्रहरु




चित्र सङ्ख्या १: राजतीर्थ




चित्र सङ्ख्या २: राजतीर्थमा रहेको कुवा ।



चित्र सङ्ख्या ३: सूर्यमूर्ति



चित्र सङ्ख्या ४: नारायणको मूर्ति



**चित्र सङ्ख्या ५: द्वादश ज्योर्तिलिङ्ग**




चित्र सङ्ख्या ६: पञ्चमुखि शिवलिङ्ग



चित्र सङ्ख्या ७ : सादा शिवलिङ्गहरु



**चित्र सङ्ख्या ८ : शाक्यमुनि गौतम बुद्ध**



चित्र सङ्ख्या ९ : हनुमान मूर्ति




चित्र सङ्ख्या १० : उमा महेश्वरको मूर्ति




**चित्र सङ्ख्या ११ : राजतीर्थमा संरक्षीत काठका खराउ**




चित्र सङ्ख्या १२: नदी तटको भकारी र फलामे साङ्लो



चित्र सङ्ख्या १३: मन्दिर स्थापना सम्बन्धी शिलालेखा




चित्र सङ्ख्या १४: राजतीर्थको महत्व सम्बन्धी लेख (क)




चित्र सङ्ख्या १५: राजतीर्थको महत्व सम्बन्धी लेख (ख)



चित्र सङ्ख्या १६: ब्रम्हनाल




चित्र सङ्ख्या १७: राजतीर्थमा रहेको ढुङ्गेधारा




चित्र सङ्ख्या १८: राजतीर्थमा रहेको सूचना




चित्र सङ्ख्या १९: **भजन कीर्तन तथा पूजाआजा गर्ने पाटी ।**




चित्र सङ्ख्या २०: **भजन कीर्तनमा प्रयोग गरिने बाजाहरु ।**



चित्र सङ्ख्या २१: **श्राद्ध गराउँदै ब्राह्मण र तिर्थालु ।**




चित्र सङ्ख्या २२: **राममन्दिरमा ल्याइएका १०८ घडा ।**




चित्र सङ्ख्या २३: **राजतीर्थमा प्रातकालिन योग अभ्यास ।**




चित्र सङ्ख्या २४: **राजतीर्थ पार्क**

## परिशिष्ट क

## पचलिघाटमा रहेको शिलापत्रको प्रतिलिपिबाट सारेको मूल पाठ

**परिशिष्ट ख**

राजतीर्थको पानी परीक्षण गरिएको प्रमाणपत्र

# सन्दर्भग्रन्थसूची


अमात्य, साफल्य. **पानी र संस्कृति**. नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर मार्ग, काठमाडौँ, २०६० ।

---. काठमाडौँ नगरायन काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५३ ।

---. विश्व सम्पदा काठमाडौँ उपत्यका, काठमाडौँ : हेरिटेज नेपाल, २०५८ ।

आचार्य, बाबुराम. "इन्द्रजात्राको प्राचीनता", **प्राचिन नेपाल** अंक- ४२ ।

कोइराला, मोहन (स.). नेपाल लघु विश्वकोष, काठमाडौँ. नेपाल प्रज्ञा प्रतिष्ठान ।

गुरुङ, जगमान. "नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रसवण क्षेत्रमा तीर्थस्थलहरुको विश्लेषणात्मक अध्ययन". काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६१ ।

गौतम, मन्जु. "शंखमूल घाटक्षेत्रको सांस्कृतिक अध्ययन", शोधपत्र, एम.ए., (नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग) (अप्रकाशित), त्रि.वि. कीर्तिपुर, २०६० ।

टण्डन, गोविन्द. **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन (भाग १)**. काठमाडौँ : झरेन्द्र शमशेर ज.व.रा. तथा श्रीमती मञ्जु राणा, २०५३ ।

तिम्सिना, नारायणप्रसाद. **देवघाटक्षेत्रको सांस्कृतिक अध्ययन**. नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. कीर्तिपुर, २०६४ ।

तिवारी, सुदर्शनराज, **दि एक्सेन्ट सेल्मेन्ट अफ दि काठमाडौँ भ्याली**, २००१ ।

नेपाल ज्ञानमणि, **नेपाल निरुक्त,** काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्रथम संस्करण, २०४० ।

पन्त, नयनराज. "इन्द्रजात्राको विषयमा ऐतिहासिक शिरोमणी श्री बाबुराम आचार्य ज्यूसँग प्रार्थना," **पूर्णिमा,** वर्प- ६, अंक- ४(वि.सं.**२०२६**) ।

पाण्डेय, फणीन्द्र प्रसाद. **संस्कृत नेपाली वृहत शब्दकोश**. दाङः महेन्द्र संस्कृत विश्वविद्यालय, २०५७ ।

पोद्दार हनुमान प्रसाद र गोश्वामी, सिम्मनलाल, **कल्याण तीर्थाङ्क,** गोरखकपुरः गीता प्रेश, २०५६ ।

पौडेल, अच्यूत प्रसाद. **नेपालका चारधाम र प्रसिद्ध मठ मन्दिरहरु**. काठमाडौं, स्वयं लेखक, प्रथम संस्करण, २०६५ ।

पौड्याल, वीणा. **नेपाली मूर्तिकला र चित्रकला**. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५७ ।

पौड्याल, वीणा. **वेद पुराणका केही रत्नहरु**. (दोस्रो भाग), ललितपुरः साझा प्रकाशन, २०६७ ।

बज्राचार्य, रञ्जना. "लुम्बिनीः बुद्धको जन्मभूमि" **Nepalese Culture**, Vol. VII, 2009, Central Department of History, Culture and Archaeology, T.U., Kirtipur.

रमिला वैद्य (मुनकर्मी). "त्रिपुरेश्वर बाग्मती नदीको किनारामा अवस्थित सांस्कृतिक सम्पादहरुको संक्षिप्त अध्ययन", शोधपत्र, एम.ए., (नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग) (अप्रकाशित), त्रि.वि. कीर्तिपुर ।

राष्ट्रिय संस्कृति नीति, नेपाल सरकार, २०६७ ।

वैद्य, हुतराम. **वाग्मती बाँचिरहोस**. ललितपुरः जगदम्वा प्रेस प्रा.लि., २०६८ ।

शर्मा गौतम, युवराज, **तीर्थ पर्यटन,** काठमाडौँ : लुम्बिनी ट्रेडीङ एण्ड प्रिन्टिङ हाउस प्रा.लि., २०६१ ।

शर्मा, कुनु, योगी नरहरीनाथ (अनु) **कीर्तिपतका,** ललितपुरः जगदम्बा प्रकाशन, २०१८ ।

सापकोटा, विष्णु. **नेपालको चाडपर्वमा छट पर्व**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

सुवेदी, शिवकुमार. **स्वर्गद्वारीको सांस्कृतिक इतिहास**. श्रीमती मालिका सुवेदी, घोरासी-२, दाङ, प्रथम संस्करण, बालाजी प्रिन्टर्स एण्ड ट्रेडर्स, कमलपोखरी, काठमाडौँ, २०७० ।

Bidari, Basanta. **Lumbini: A Haven of Sacred Refuge**. Kathmandu: Hill Side Press Ltd, 2007.

Garg, Ganga Ram. **Encyclopedia of the Hindu World**. New Delhi: Concept Publishing Company, 1992.

Ghimire, Beena Binod. **Hindu Death Rites**. Varsha and Bishal Ghimire, Kathmandu, Nepal, 1998.

Kathmandu Valley Profile, retrieved from www.kathmandu.gov.np on 21 Feb, 2013.

Klaus K Kostermaier. **A Survey of Hinduism** (3rd Ed.). New York: State Univeristy.

Mittal, Sushil and Gene Thursby. **The Hindu World.** New York: Routledge, 2007.

Rao, Gopinath. **Elements of Hindu Iconography** Vol. 2.1. Madras: The Law Printing House, 1916.